# छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड : ९ संख्या : ५ २०८२ कार्तिक २४

## भाग-२

## छायाँनाथ रारा नगरपालिका, मुगुको

## सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# छायाँनाथ रारा नगरपालिका नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०८२

# नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०८२

**कार्यपालिकाबाट स्वीकृत**
मिति २०८२/०७/१७
**प्रकाशित**
मिति २०८२/०७/२४

संवत् २०८२ सालको कार्यविधि नं. ४
**नदी तथा खानीजन्य पदार्थ उत्खनन तथा व्यवस्थापन सम्बन्धी कानुन तर्जुमा गर्न बनेको कार्यविधि**

**प्रस्तावनाः** छायाँनाथ रारा नगरपालिका क्षेत्र भित्रको नदी, खोला, खोल्सा तथा निजी तथा सार्वजनिक जग्गाहरूमा रहेका नदीजन्य, पदार्थहरूको संरक्षण र व्यवस्थापन तथा सदुपयोग गरी सहज आपुर्ति गर्न र नदिजन्य तथा खानीजन्य उद्योगबाट उत्खन्न, संकलन तथा विक्री वितरण हुने पदार्थहरूलाई अव्यवस्थित र अत्याधिक दोहन हुन नदिन दिगो व्यवस्थापनको प्रबन्ध मिलाई सार्वजनिक निर्माण कार्यलाई सहज बनाउन र स्थानीय स्तर बाटै उपलब्ध हुने स्रोत साधनहरूलाई अधिकतम रूपले उपयोग गरी छिटो छरितो र मितव्ययी रूपले भौतिक पूर्वाधार निर्माणका कार्यहरू संचालन गर्न, संरक्षण र व्यवस्थापन तथा सदुपयोग गरी सहज आपूर्ति गर्न दिगो व्यवस्थापनको प्रबन्ध मिलाई सार्वजनिक निर्माण कार्यलाई सहज बनाउन वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र छायाँनाथ रारा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि छायाँनाथ रारा नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "छायाँनाथ रारा नगरपालिका नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि छायाँनाथ रारा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि छायाँनाथ रारा नगरपालिका भित्र लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;-

(क) "अनुगमन समिति" भन्नाले दफा १८ बमोजिमको समिति सम्झनु पर्छ।

(ख) "अन्य पदार्थ" भन्नाले नदी र नदी बाहेकको कुनै व्यक्तीको स्वामित्वमा रहेको जग्गा उत्खनन गर्दा निस्कने माटो, ढुङ्गा, गिट्टी वा यस्तै प्रकृतिका अन्य प्राकृतिक श्रोत सम्झनु पर्छ।

(ग) "उद्योग" भन्नाले कच्चा पदार्थको रुपमा नदीजन्य पदार्थको प्रयोग हुने मेशिनरी औजार जडित उद्योगलाई सम्झनु पर्छ र सो शब्दले क्रसर उद्योग, फिरफिरे, रिफाइनरी गर्ने उद्योग, बालुवा घुने उद्योग र यस्तै प्रकृतिका अन्य उद्योग समेतलाई सम्झनु पर्छ।

(घ) "खानीजन्य पदार्थ" भन्नाले खानीबाट उत्खनन गरिएको चट्टान, स्लेट, ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माण सम्बद्ध पदार्थलाई सम्झनु पर्छ।

(ङ) "घाटगद्दी" भन्नाले नदीजन्य पदार्थ वा दहत्तर बहत्तर सङ्कलन वा उत्खनन वा प्रशोधन गरी नाप जाँच गर्न वा अस्थायी भण्डारणका लागि तोकिएको स्थानलाई सम्झनु पर्छ।

(च) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ बमोजिमको प्रारम्भिक वातावरणीय परीक्षण भन्ने सम्झनु पर्छ।

(छ) "नदीजन्य पदार्थ" भन्नाले नदी वा नदी किनारबाट उत्खनन गरिएको ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माण मुखी पदार्थलाई सम्झनु पर्छ।

(ज) "परिमाण" भन्नाले घाट गद्दीमा रहेका नदिजन्य पदार्थको परिमाण सम्झनु पर्छ।

(झ) "वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ बमोजिमको वातावरणीय प्रभाव मूल्याङ्कन भन्ने सम्झनु पर्छ।

(ञ) "व्यवसायी" भन्नाले यस कार्यविधि बमोजिम नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, घाट गद्दी तथा बिक्री गर्न इजाजत प्राप्त गरेको व्यवसायी सम्झनु पर्छ।

(ट) "संक्षिप्त वातावरण अध्ययन" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ बमोजिमको संक्षिप्त वातावरण अध्ययन सम्झनु पर्छ ।

(ठ) "शुल्क" भन्नाले प्रचलित कानुन बमोजिम नदीजन्य पदार्थ बिक्रीबाट प्राप्त रकमलाई जनाउने छ। यो शब्दले निजी जग्गाबाट व्यवसायीका प्रयोजनका लागि सङ्कलन तथा बिक्री भएको नदीजन्य पदार्थ बापत प्राप्त हुने सेवा शुल्क समेत सम्झनु पर्छ।

## परिच्छेद २
## प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन

३. **प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन:** (१) यस कार्यविधि बमोजिम नदी तथा खनिज जन्य पदार्थ उत्खनन र विक्री-वितरण गर्दा प्रचलित वातावरण संरक्षण कानुन बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार पारी सम्बन्धित निकायबाट स्वीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृत प्रतिवेदनको एक एक प्रति प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय र संघीय सरकारको सम्बन्धित मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ।

(३) राष्ट्रिय वन भित्रका क्षेत्रबाट संकलन गर्नुपर्ने नदीजन्य वा खनिज जन्य पदार्थको हकमा प्रचलित कानुन बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नु अघि सम्बन्धित डिभिजन वन कार्यालयको सहमति लिनु पर्नेछ ।

(४) राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र एवं संरक्षण क्षेत्र भित्रका नदी क्षेत्रबाट संकलन गर्नुपर्ने नदी तथा खनिज जन्य पदार्थको हकमा प्रचलित कानुन बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नु अघि सम्बन्धित संरक्षित क्षेत्रका कार्यालयबाट सहमति लिनु पर्नेछ।

(५) नगर कार्यपालिकाले प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृत गर्नु भन्दा अघि दफा ४ को उपदफा (२) बमोजिमको प्राविधिक समितिको सिफारिसको आधार लिनु पर्छ।

(६) प्राविधिक समितिबाट सिफारिस सहित पेश भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन नगर कार्यपालिकाको बैठकले प्रचलित वातावरण संरक्षण सम्बन्धी कानुन बमोजिम स्वीकृत गर्नु पर्छ।

४. **<u>नदी तथा खनिज जन्य पदार्थको सर्वेक्षण तथा क्षेत्र एकिन गर्नुपर्ने:</u>** (१) नदी तथा खानीजन्य पदार्थ संकलन गर्न सकिने सम्भावित क्षेत्रको विवरण सहितको कार्ययोजना हरेक दोस्रो आर्थिक वर्षको श्रावण मसान्त भित्र नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ।

(२) नगरपालिका क्षेत्रका नदी तथा खनिज जन्य पदार्थ संकलन गर्न मिल्ने क्षेत्रको पहिचान, निर्धारण तथा परिमाण एकिन गर्नका लागि देहाय बमोजिमको एक प्राविधिक समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) | भौतिक पूर्वाधार विकास शाखाको प्रमुख | संयोजक |
| (ख) | सम्बन्धीत वडामा खटिएको वडा प्राविधिक | सदस्य |
| (ग) | सम्बन्धीत वडाको वडा अध्यक्ष | सदस्य |
| (घ) | नगर कार्यपालिकाले तोकेको अधिकृत प्रतिनिधि | सदस्य |
| (ङ) | राजश्व प्रमुख | सदस्य |
| (च) | प्रशासन प्रमुख | सदस्य |
| (छ) | नगरपालिकाको वातावरण शाखा प्रमुख | सदस्य सचिव |

(३) प्राविधिक समितिले संकलन गर्न सकिने नदीजन्य वा खनिज जन्य पदार्थको परिमाण र विधि एकिन गर्दा देहाय बमोजिमको क्षेत्रबाट मात्र प्रचलित कानुन बमोजिम आवश्यक प्रक्रिया पूरा गरी उत्खनन तथा संकलन गर्न सकिने गरी एकिन गर्नु पर्नेछ।

(क) नदीजन्य ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल तथा माटो जस्ता वस्तुहरू उत्खनन र विक्री वितरण गर्न वातावरणीय अध्ययन प्रतिवेदनले स्वीकृत गरेका स्थान तथा क्षेत्र,

(ख) नदी, खोला र खहरेमा बाढी पहिरोका कारणले ढुङ्गा र माटो जन्य पदार्थ थुप्रन गई सोको कारणले बस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न हुन सक्ने अवस्था सृजना भई त्यसता पदार्थ हटाउनु पर्दा तोकिने स्थल,

(ग) सार्वजनिक तथा निजी जग्गाबाट उत्खनन गरी ढुङ्गा र माटो जन्य पदार्थ निकाल्न सम्बन्धित वडाको सिफारिसमा नगर कार्यपालिकाबाट निर्णय भै अनुमति वा इजाजत प्रदान गरिएको क्षेत्र,

(घ) विभिन्न प्राकृतिक भौतिक पूर्वाधार, सडक तथा संरचनाहरू निर्माण गर्ने क्रममा उत्खनन हुने क्षेत्र,

(ङ) दर्ता पुर्जा कायम भएको निजी जमिनलाई खेती योग्य बनाउने क्रममा ढुङ्गा तथा माटो जन्य पदार्थ हटाउनु पर्दा नगर कार्यपालिकाले तोकेको क्षेत्र,

(४) उपदफा (२) बमोजिमको प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नगरपालिकाबाट स्वीकृत कार्ययोजनाको आधारमा नदीजन्य पदार्थ संकलन गर्न सकिने खोला, नदी तथा सोको आसपासको क्षेत्र पहिचान गरी संकलन गर्न सकिने परिमाण र विधि एकिन गरी नगर कार्यपालिकामा प्रतिवेदन सहित सिफारिस गर्ने,

(ख) खण्ड (क) बमोजिमको प्रतिवेदनमा संकलन गर्न सकिने प्रत्येक ठाउँको देहायका विषय सहित प्राविधिक विषयहरु समेत समावेश भएको हुनु पर्दछः

(१) नदी तथा खानीजन्य पदार्थ संकलन गर्ने तरिका,

(२) संकलन गर्दा विचार गर्नुपर्ने विषयहरू,

(३) खोला तथा नदीको पुनरुत्थानका तरिकाहरू,

(४) संकलन गर्ने क्षेत्र तथा परिमाणः लम्बाइ, चौडाइ, गहिराई सहितका विवरणहरू,

(५) नदी किनार तथा सम्वेदनशील क्षेत्रबाट (पुल, बस्ती, वनक्षेत्र, रोड, पुरातात्विक महत्वका सम्पदा तथा हाईटेन्सनको टावर) छाड्नुपर्ने दुरी सम्बन्धी विवरण अनुसूची-१ मा उल्लेख भए अनुसार हुने छ,

(६) उत्खनन विधि र प्रयोग हुने मेशिन तथा औजार,

(७) नदीजन्य पदार्थहरू संकलन गर्न नहुने क्षेत्र,

(८) भण्डारण गर्न सकिने क्षेत्र तथा अवधिछ,

(९) खानीजन्य स्रोतसाधन उत्खनन तथा संकलनका क्षेत्र तथा सो सम्वन्धी विषय

(ग) प्रतिवेदन तयार गर्ने क्रममा प्राविधिक समितिले सम्बन्धित वडाका वडा अध्यक्ष र स्थानीय बासिन्दा समेतको रोहवरमा खण्ड (ख) मा उल्लिखित विषयहरू निर्धारण गरी प्रतिवेदनमा उल्लेख गर्नु पर्छ।

(घ) राष्ट्रिय वन, राष्ट्रिय निकुञ्ज तथा आरक्षणको मध्यवर्ती क्षेत्र तथा चुरे क्षेत्र एवं अन्य सम्वेदनशील क्षेत्रबाट नगर कार्यपालिकाबाट निर्णय नभएसम्म माटो उत्खनन गरिने छैन।

(ङ) नदीजन्य पदार्थ सङ्कलन हुने क्षेत्रहरूको स्थलगत सर्वेक्षण गरी स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनको प्रावधान र ती प्रतिवेदन स्वीकृत वा कार्यान्वयन भएपछि आएका परिवर्तन समेतको लेखाजोखा गरी नदीजन्य पदार्थ सङ्कलन गर्न सकिने स्थानको नक्सा सहितको विवरण, निकाल्न सकिने नदीजन्य पदार्थको परिमाण समेत यकिन गरी कार्यालयमा प्रतिवेदन पेश गर्ने।

(च) नदीजन्य पदार्थमा आधारित उद्योगले सञ्चालनका क्रममा वा सञ्चालन पश्चात् पार्ने असर बारे अध्ययन, निरीक्षण गरी प्रतिवेदन दिने।

(छ) नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, घाट गद्दी, ढुवानी र बिक्री सम्बन्धी कार्यालयको कार्ययोजना कार्यान्वयन पूर्व, कार्यान्वयन चरण र कार्य सम्पन्न भइसकेपछि पर्न सक्ने सामाजिक, आर्थिक र वातावरणीय प्रभाव बारे अध्ययन, निरीक्षण र विश्लेषण गरी प्रतिवेदन दिने।

(५) पानी बगिरहेको नदीको पिँधबाट कुनै पनि नदीजन्य पदार्थ संकलन गरिने छैन र वर्षातको समयमा पानीभित्र कुनै पनि संकलन गर्ने साधन प्रवेश गर्न दिइने छैन।

(६) सडक विभाग र सम्बन्धित निकायले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन र संकलन गर्न वा सञ्चय गर्न पाइने छैन।

(७) उपदफा (५) र (६) मा जेसुकै कुरा लेखिएको भएता पनि नदीको सतह बढि सडक पुल वा बस्ती जोखिममा परेको भनी सम्बन्धित पुलको स्वामित्व रहेको निकायबाट सतह घटाउनु पर्ने भनी स्पष्ट किटानी गरेको अवस्थामा जिल्ला विपद व्यवस्थापन समितिको सिफारिसमा नगरपालिकाले प्राविधिकको रोहबरमा तोकिएको हदसम्मको त्यस्तो नदीजन्य पदार्थ हटाई बिक्री गर्न सक्नेछ।

(९) नगरपालिकाले वर्षको समयमा बगेर आउने बालुवालाई वातावरणीय प्रतिवेदनको आधारमा नदीमा बाँध बनाई जमाउने तथा निश्चित मात्रामा ग्राभेल, बालुवा हार्भेस्टिङ् गरेर संकलन तथा विक्री वितरण गर्ने व्यवस्था गर्न सक्नेछ।

५. **प्रतिवेदन पेश गर्नुपर्नेः** (१) प्राविधिक समितिले हरेक आर्थिक वर्षको श्रावण महा भित्र सोको क्षेत्र निर्धारण तथा परिमाण एकिन गरेको प्रतिवेदन नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

(२) नदी पदार्थ सकल गर्ने क्षेत्र निर्धारण तथा पराको प्रतिवेदन प्राविधिक समितिबाट प्राप्त भएपछि नगर कार्यपालिकाले सो प्रतिवेदनमा संशोधन गर्नुपर्ने भए संशोधन गरी कार्यान्वयनका लागि निर्देशन दिनेछ।

(३) प्रतिवेदनमा उल्लेख गरिएको क्षेत्रबाट तोकिएको परिमाण मात्र संकलनका लागि नगरपालिकाले प्रचलित कानुन बमोजिम ठेक्का बन्दोबस्त गर्नेछ।

(४) नदी तथा खनिज जन्य पदार्थको संकलन वा उत्खनन क्षेत्र दुई वा सो भन्दा बढी स्थानीय तहको क्षेत्र भित्र पर्ने अवस्था भएमा सम्बन्धित जिल्ला समन्वय समितिले आवश्यक व्यवस्था मिलाउनेछ।

(५) जिल्लाको सिमानामा पर्ने नदीबाट नदीजन्य पदार्थ संकलन तथा उत्खनन गर्नुपर्दा सम्बन्धित मन्त्रालयले समन्वय गरी आवश्यक व्यवस्था मिलाउनेछ।

(६) प्रदेशको सिमानामा पर्ने नदीबाट नदीजन्य पदार्थ संकलन उत्खनन गर्ने सम्बन्धमा प्रदेश सरकारले सहजीकरण गरी आवश्यक व्यवस्था मिलाउने छ।

## परिच्छेद-३
## नदीजन्य पदार्थको प्रशोधन सम्बन्धी व्यवस्था

६. **अनुमति लिनु पर्नेः** (१) नदीजन्य पदार्थमा आधारित उद्योग वा यस्तै प्रकृतिका अन्य उद्योग स्थापना, सूचिकृत र सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले अनुसूची-२ बमोजिमको ढाँचामा कार्यालयमा अनुमतिका लागि दरखास्त दिनु पर्नेछ। दरखास्त दिई अनुमति प्राप्त वा सूचीकरण, नवीकरण, नामसारी र ठाउँसारी हुन अनुसूची-३ बमोजिमको शुल्क लाग्नेछ। दर्ता हुन आउने उद्योगले वातावरणीय अध्ययन प्रतिवेदन अनिवार्य संलग्न गरेको हुनु पर्नेछ।

(क) उद्योग स्थापना गर्दा सार्वजनिक, ऐलानी, प्रति जग्गामा उद्योग स्थापना गर्न पाइने छैन। उद्योग स्थापना गर्न माग गर्दा आफ्नो निजि जमिन वा निजि जमिन प्रयोग गर्न प्राप्त संझौता पत्र र जग्गाधनि लालपूर्जा संलग्न गर्नु पर्नेछ।

(ख) उद्योग स्थापना गर्ने स्थलको भौगोलिक अवस्थिति समेतको नक्सा निर्दीष्ट गरेको हनु पर्नेछ ।

(२) निजी जग्गाको उत्खननको हकमा देहाय बमोजिमको प्रक्रिया पुरा गर्नु पर्नेछ।

(क) निजी जग्गामा नदीजन्य पदार्थ र माटो समेत उत्खनन अनुमती लिन जग्गाधनीले जग्गा धनी दर्ता प्रमाण पूर्जा, जग्गाको नक्सा, नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि सहितको आवश्यक कागजात राखि सम्बन्धित वडामा निवेदन दिई वडा कार्यालयको सिफारिस लिई जग्गाको चारै तर्फका सधियारको मञ्जुरी सहित उत्खनन गर्न चाहेको परिमाण खुलाई नगरपालिकामा निवेदन पेश गर्नुपर्ने छ।

(ख) नगरपालिकाको प्राविधिक समिति मार्फत उत्खनन गर्न सकिने परिमाण एकिन गरी स्वीकृतीका लागी कार्यपालिकामा पेश गर्ने।

(ग) नदीजन्य पदार्थ सम्बन्धी उद्योग दर्ता गर्न र उत्खनन गर्ने अनुमतीका लागि प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन अनिवार्य गर्नुपर्ने।

तर ठूलो उद्योग, भवन तथा आयोजनाको हकमा पहिले वातावरण अध्ययन गरिसकेको हुँदा पुनः गर्नु पर्ने छैन।

(घ) निजी जग्गाको उत्खनन अनुमती माग गर्दा आफ्नो नाममा भएको जग्गाको मात्र माग गर्नु पर्नेछ। जग्गा भाडामा लिई नदीजन्य पदार्थ र माटो उत्खनन गर्न पाईने छैन।

७. **क्रसर तथा वालुवा उद्योग सञ्चालन सम्बन्धी दुरी व्यवस्था:** (१) क्रसर उद्योगहरूको स्थापना सम्बन्धमा क्रसर उद्योग स्थापना गर्दा पालना गर्नुपर्ने दूरी देहाय बमोजिम हुनेछ।

| क्र.स. | विवरण | दूरी सम्बन्धी मापदण्ड |
|---|---|---|
| १ | नदी खोलाको वर्षातको प्रवाह सीमाको किनारबाट | ५०० मि. |
| २ | हाईटेन्सन लाइनबाट | २०० मि. |
| ३ | राजमार्गको Right of Way बाट | ५०० मि. |
| ४ | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकायबाट | २ कि.मि. |
| ५ | निकुञ्ज, आरक्षण क्षेत्र | २ कि.मि. |
| ६ | घना वस्ती | २ कि.मि. |
| ७ | वनक्षेत्रबाट | २ कि.मि. |
| ८ | पक्की पुलबाट | ५०० मि. |
| ९ | ऐतिहासिक ताल तलैया पोखरीबाट | ५०० मि. |
| १० | चुरे पहाडको फेदीबाट | १५०० मि. |
| ११ | अन्तर्राष्ट्रिय सिमा | २ कि.मि. |

(२) नयाँ स्थापना हुने उद्योगहरूले वातावरणीय अध्ययन प्रतिवेदनमा संकलन, उत्खनन गर्ने कच्चा पदार्थको स्थान, क्षेत्रफल, परिमाण, समयावधि र श्रोतको विवरण तथा त्यस्तो क्षेत्रको रेखांकन सहितको नापनक्सा अनिवार्य रूपमा समावेश गर्नु पर्नेछ।

(३) नदीजन्य वा खानीजन्य पदार्थ प्रशोधन कारखाना स्थापना गर्दा साइड ड्रेन र हिलो थेग्ने पोखरी (सेटिङ्ग पोण्ड) व्यवस्था गरेको हुनु पर्नेछ।

(४) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गरी स्थापना वा सञ्चालन गरेका, क्रसर तथा प्रशोधन उद्योगले आफ्नो उद्योगको वार्षिक क्षमताको अधीनमा रही संकलन तथा उत्खनन गर्ने कच्चा पदार्थको स्रोत खुलाउनुपर्ने तथा हरेक वर्षको लागि असार मसान्त भित्र यस्तो उत्पादनको वार्षिक मौज्दात तथा आय-व्यय सार्वजनिक गरी सोको जानकारी नगरपालिकालाई दिनु पर्नेछ। यस बमोजिमको मापदण्ड पुरा नगर्ने उद्योगहरू नगरपालिकाले तत्काल बन्द गर्न आदेश दिन सक्नेछ।

(५) मापदण्ड पूरा नगरी स्थापना भई सञ्चालन भएका नदी तथा खनिज जन्य पदार्थ प्रशोधन उद्योगले तीन महिना भित्र यो मापदण्ड बमोजिम स्थानान्तरण हुनु पर्नेछ। दर्ता नभई सञ्चालनमा रहेका र उक्त अवधि भित्र स्थानान्तरण नहुने उद्योग स्वतः खारेज हुनेछ।

तर काबूबाहिरको परिस्थिति सिर्जना भई स्थानान्तरण हुन नसकेमा नगर कार्यपालिकाको निर्णय अनुसार हुनेछ।

(६) नदी तथा खानीजन्य पदार्थ प्रशोधन कर्ता फर्म वा कम्पनीले आफ्नै खर्चमा वन कार्यालयको सहयोग लिई प्रशोधन गर्ने क्षेत्रको वरिपरि कम्तीमा दुई तहको वृक्षरोपण वा सेल्टरवेल्ट स्थापना गर्नु पर्नेछ।

(७) प्रशोधन कर्ताले सूर्योदय देखि सूर्यास्तसम्मको समयमा मात्र प्रशोधन गर्न पाइनेछ। प्रशोधित पदार्थको स्टक चेक जाँच नगर स्तरीय अनुगमन समितिले गर्नु पर्नेछ।

(८) प्रशोधन सम्बन्धी क्रसर तथा बालुवा उद्योग संचालक फर्म वा कम्पनीले अनुगमन समितिलाई अनुगमन कार्यमा पूर्ण सहयोग गर्नु पर्नेछ ।

(९) क्रसर उद्योगहरुको दूरीको मापदण्ड पालना नगर्ने साथै तोकिएको स्थानमा उद्योग संचालन नगर्ने उद्योगहरूलाई अनिवार्य रूपमा तोकिएका शर्तहरू पालना गर्न लगाउने र यसको नियमित एवं प्रभावकारी रुपमा अनुगमन गर्ने दायित्व नगर स्तरीय र जिल्लास्तरीय अनुगमन तथा समन्वय समितिको हुनेछ। सर्त पालना गर्न नमानेमा प्रचलित कानुन बमोजिम कारबाही हुनेछ।

(१०) उद्योगले वार्षिक प्रगति प्रतिवेदन हरेक वर्ष सम्बन्धित नगरपालिकामा पेश गर्नु पर्नेछ।

(११) बालुवा, पांङ्गो धुने र प्रशोधन गर्ने मेसिन (फिरफिरे) संचालन गर्दा निष्कासन भएको धूलो, फोहोर आदिलाई प्रशोधन गर्ने व्यवस्था मिलाई प्रशोधित पानी मात्र नदी, खोला, खोल्सामा मिसाउने व्यवस्थालाई नगरपालिकाले कडाइका साथ लागू गराउने छ।

(१२) जिल्ला अनुगमन तथा समन्वय समितिले अनुगमनको आधारमा क्रसर उद्योगहरूको काम कारबाही रोक्न सक्नेछ।

(१३) नदी तथा खानीजन्य पदार्थ प्रशोधन गर्ने उद्योगले प्रचलित वातावरण संरक्षण ऐन तथा नियमावली बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गराई एक प्रति आफूसँग राखे र एक एक प्रति आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय र तालुक निकायमा पेश गर्नु पर्नेछ।

## परिच्छेद-४

## <u>ठेक्का बन्दोबस्त, उत्खनन, सङ्कलन र घाटगद्दी सम्बन्धी व्यवस्था</u>

८. <u>कार्ययोजना बनाउने:</u> (१) छायाँनाथ रारा नगरपालिकाले देहायका कुराहरू समावेश गरी नदीजन्य पदार्थ उत्खनन, सङ्कलन र बिक्री वितरण सम्बन्धी कार्ययोजना बनाउनु पर्नेछ।

(क) उत्खनन र सङ्कलन गर्न हुने र नहुने क्षेत्र।

(ख) नदीजन्य पदार्थ उपलब्ध हुने नदी, खोला, खोल्सी, खहरे तथा नदी उकास क्षेत्रको विवरण र उपलब्ध हनु सक्ने अनुमानित वार्षिक परिमाण।

(ग) पूर्वाधार निर्माणको लागि चाहिने परिमाण र स्रोतको उपलब्धता।

(घ) भण्डारण वा घाटगद्दी स्थल।

(ङ) बिक्री वितरणको प्रक्रिया।

(च) सङ्कलनको विधि र प्रयोग हुने मेशिनरी औजार।

(छ) प्राप्त हुने अनुमानित आम्दानी।

(२) प्रचलित कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेका खानी, क्रसर तथा प्रसोधन उद्योगले आफ्नो उद्योगको वार्षिक क्षमताको अधीनमा रहि सङ्कलन तथा उत्खनन गर्ने कच्चा पदार्थको स्रोत सहितको विवरण खुलाई प्रत्येक वर्षको भाद्र महिना भित्र अनुगमन समिति र छायाँनाथ रारा नगरपालिका समक्ष पेश गर्नु पर्नेछ। र प्रत्येक आर्थिक वर्षको लागि असार मसान्त भित्र आफ्नो उत्पादनको वार्षिक मौज्दात तथा खरिद बिक्रीको परिमाण सार्वजनिक गरी सोको जानकारी अनुगमन समिति र छायाँनाथ रारा नगरपालिकालाई दिनु पर्नेछ।

(३) नदीजन्य वा खनिज जन्य पदार्थको संकलन समय आश्विन देखि जेष्ठ मसान्त सम्म हुनेछ। कुनै खोला वा नदी विशेषको परिस्थितिलाई (नदीजन्य पदार्थ तत्काल न हटाउँदा धन जन

वा वातावरणमा क्षति पुग्न सक्ने स्थिति) अध्ययन गरी सो समय प्राविधिक समितिको सिफारिसमा नगर कार्यपालिकाले संकलनको अवधि थपघट गर्न सक्नेछ।

९. **<u>नदीजन्य पदार्थको उत्खनन र सङ्कलन</u>**ः (१) राष्ट्रिय वन, राष्ट्रिय निकुञ्ज तथा आरक्ष क्षेत्रभित्रबाट नदीजन्य पदार्थको उत्खनन र सङ्कलन गर्न पाइने छैन।

तर तत् सम्बन्धी प्रचलित कानुन बमोजिम स्वीकृती लिई उत्खनन गर्न सकिनेछ।

(२) उत्खनन पश्चात् के कति परिमाण नदी तथा खनिज जन्य सामाग्री संकलन वा उत्खनन गरेको सम्बन्धमा नाप जाँच गर्न मिल्ने गरी निशाना लगाई निर्धारित परिमाण भन्दा बढी उत्खनन गर्न नपाउने गरी साँध, किल्ला र निसानाको व्यवस्था गरि उत्खनन कार्यको थालनी गर्नु पर्नेछ।

(३) नदीजन्य वा खनिज जन्य पदार्थ उत्खनन गर्दा रेखाङ्कन गरिएको क्षेत्रभित्रको सीमाबाट मात्र वातावरणीय अध्ययन प्रतिवेदन तथा प्राविधिक समितिको प्रतिवेदनमा श्रम मूलक प्रविधि वा मेशिनको प्रयोग सम्बन्धमा भएको व्यवस्था बमोजिम संकलन गर्नु पर्नेछ।

(४) नदीजन्य पदार्थको संकलन, उत्खनन गर्ने परिमाण, गहिराइ, स्थान, प्रविधि तथा समय समेत सम्झौतामा नै तोकि दिनु पर्नेछ र सो अनुसारको सूचना उत्खनन गर्ने स्थानमा अनुसुचि-४ बमोजिमको होडिङ्गबोर्ड वा सूचना बोर्डमा उल्लेख गरी राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(५) उत्खनन स्थल सम्म जाने र फर्किने मार्ग निर्धारण आपसी सहमतिमा नगरपालिकाले तोके अनुसार हुनेछ। यस्तो मार्ग वनक्षेत्रभित्र पर्ने भएमा सम्बन्धित वन कार्यालयको सहमति लिनु पर्नेछ।

(६) संकलनकर्तालेे नदी वा खोलामा उत्खननका लागि साधन सहित प्रवेश गर्दा अनुसूची-५ अनुसारको प्रवेश इजाजत लिएर मात्र उत्खनन गर्ने व्यवस्था मिलाउनु पर्नेछ। उत्खनन वाट संकलनको ठेक्का लिएको संस्था वा कम्पनीले त्यसरी उत्खनन परिमाणको दैनिक तेरिज तयार गरी अनुसूचि-६ अनुसारको अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(७) नदीबाट उत्खनन गर्दा वातावरणीय अध्ययन प्रतिवेदन र प्राविधिक प्रतिवेदनमा तोकिएको गहिराइ सम्म मात्र तह मिलाई खाडल नदेखिने गरी उत्खनन गर्नु पर्नेछ। संकलन र उत्खनन गर्दा नदीको पानीको वहाव क्षेत्र परिवर्तन गर्ने गरी उत्खनन गर्न पाइने छैन।

(८) संकलन र उत्खनन कार्यमा खटिने ठेकेदारले वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएका सर्त, ठेक्का, सर्त अनुसार अनुगमन समिति, प्राविधिक समिति र नगरपालिकाले अनुगमनका क्रममा दिइएका निर्देशन पालना गर्नु पर्नेछ।

(९) नदीको भिरालो क्षेत्रबाट संकलन तथा उत्खनन गर्दा कुनै पनि मेसिनरी औजार प्रयोग गर्न पाइने छैन।

(१०) राष्ट्रिय वन, राष्ट्रिय निकुञ्ज तथा आरक्षको मध्यवर्ती क्षेत्र तथा चुरे क्षेत्र एवं अन्य सम्वेदनशील क्षेत्रबाट ढुङ्गा, गिट्टी, माटो, बालुवा उत्खनन गर्दा सामान्यता डोजर, एक्जाभेटर, लोडर जस्ता हेवीइक्वीपमेण्ट प्रयोग गर्न पाइने छैन।

तर त्यस्तो क्षेत्रबाट वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएको विधि, प्रक्रिया र प्राविधिक समितिको सिफारिस अनुसारको मेशिनरी औजार प्रयोग गरी तोकिएको मापदण्ड र परिमाणमा संकलन तथा उत्खनन गर्न सकिनेछ ।

(११) उत्खनन स्थलमा काम गर्ने कामदारको सुरक्षा र बिमा सम्बन्धी व्यवस्था, न्यूनतम पारिश्रमिक ज्यालाको भुक्तानी नियमित रूपमा गर्ने व्यवस्था सम्बन्धित उत्खनन र संकलनकर्ताले मिलाउने गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ। यसरी कामदार लगाउँदा करार गरी लगाउनु पर्नेछ।

(१२) उत्खनन, संकलन तथा विक्री वितरणमा बाल श्रमको प्रयोग गर्नु हुँदैन।

(१३) अनुमति प्राप्त फर्म वा कम्पनीले विहान ६:०० बजे देखि बेलुकी ६:०० बजे सम्मको समय अवधिभित्रमा नदी तथा खनिज जन्य पदार्थ संकलन र विक्री वितरण गर्नुपर्नेछ।

(१४) उत्खनन तथा विक्री वितरण स्थल र मुख्य बसोबास, विद्यालय, अस्पताल, नदी बीचको दूरी तथा उत्खनन गर्ने स्थान, परिमाण, गहिराइ सम्बन्धी व्यवस्था वातावरणीय प्रतिवेदनमा उल्लेख भए अनुसार तथा प्राविधिक समितिले तोकिएको मापदण्डको आधारमा सिफारिस गरे बमोजिम हुनेछ।

(१५) उत्खनन तथा विक्री वितरणबाट वातावरण प्रदूषण गर्नु हुँदैन र त्यस स्थानबाट निष्कासित फोहोर मैलाको व्यवस्थापन सम्बन्धित कम्पनी वा फर्मले नै गर्नु पर्नेछ।

(१६) उत्खनन र विक्री वितरण कार्यको स्पष्ट अभिलेख राखी कम्पनी वा फर्मले आयकर प्रयोजनको लागि प्रतिवेदन तयार गरी आयकर तिर्नु पर्नेछ। कर कार्यालयले उत्खनन र विक्री वितरण गर्ने फर्म वा कम्पनीको विस्तृत कर परीक्षण गर्न सक्नेछ।

(१७) सम्बन्धित उत्खनन र विक्री वितरण गर्ने फर्म वा कम्पनीले नदीजन्य पदार्थको संकलन र उत्खनन तथा प्रशोधन कार्यमा संलग्न मजदुरलाई सुरक्षा तालिम र सुरक्षा सामाग्री उपलब्ध गराउनु पर्नेछ।

(१८) नगरपालिकाले उत्खनन गरिने परिमाण, चार किल्ला, उत्खनन विधि र निर्धारित विधि अनुसार उत्खनन भएको वा नभएको सम्बन्धमा गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क नम्बर लगायतका जानकारी मूलक सूचना बोर्ड संकलन स्थलमा राख्ने व्यवस्था गर्नु पर्नेछ।

(१९) नगरपालिका क्षेत्र भित्रका नदी, खोला तथा खहरे लगायतका स्थानहरुवाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) थुप्री विपद् जोखिम स्थिति श्रृजना हुने हुँदा संभावित त्यसता जोखिम युक्त स्थानहरूको प्राविधिक समितिबाट अध्ययन गराई प्राप्त प्रतिवेदनका आधारमा स्थानीय विपद् व्यवस्थापन समितिले जिल्ला विपद् व्यवस्थापन समितिलाई सिफारिस गर्न सकिनेछ।

१०. **<u>सङ्कलन भण्डारण र घाट गद्दीको व्यवस्थाः</u>** (१) नदीजन्य पदार्थको सङ्कलन र घाटगद्दी इजाजत दिनु पहिले कार्यालयले नदीजन्य पदार्थहरुको सङ्कलन तथा घाटगद्दी गर्दा अपनाउनु पर्ने विधि र नापजाँच प्रक्रियाका विषयमा सम्बन्धित व्यवसायीसँग सम्झौता गर्नुपर्नेछ। सङ्कलित नदीजन्य पदार्थ घाटगद्दी गर्ने स्थान सम्झौतामा तोक्नु पर्नेछ। घाट गद्दी तोक्दा वनक्षेत्र र अन्य क्षेत्रको अलग अलग छुट्टिने गरी तोक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम घाट गद्दी स्थान छनौट गर्दा उत्खनन सङ्कलन स्थलबाट न्यूनतम पाँचसय मिटरको दूरी कायम गर्नु पर्नेछ। वनक्षेत्र, सार्वजनिक जग्गा, सडक किनार र आवतजावतमा अवरोध हुने गरी घाट गद्दी गर्न पाइने छैन।

(३) घाट गद्दी गर्दा घाट गद्दीमा आएको नदीजन्य पदार्थ नासिन हराउन नपाउने व्यवस्था सम्बन्धित व्यवसायीले मिलाउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम तोकिएको स्थल बाहेक अन्यत्र भण्डारण वा घाटगद्दी गर्नु गराउनु हुदैन। तोकिएको स्थान बाहेक अन्यत्र भण्डारण या घाट गद्दी गरे गराएमा बिक्री मूल्यको दोब्बर रकम असुल गरेर कार्यालयले यस्तो मालवस्तु जफत गरी बिक्री गर्नेछ।

(५) नगरपालिकाले नदीजन्य पदार्थ उत्खनन, सङ्कलन र बिक्री वितरणको अवस्थाको अनुगमन गर्नेछ।

(६) नदी तथा खनिज जन्य पदार्थ संकलन स्थलबाटै सिधैं बजारमा लगि विक्री वितरण गर्न सकिनेछ। बजारमा माग नभएको अवस्थामा मात्र नगरपालिकाको स्वीकृति लिइ भण्डारण गर्नु पर्नेछ।

(७) नदीजन्य तथा खनिज जन्य पदार्थ संकलन कर्ताले वनक्षेत्र, चुरेक्षेत्र, मध्यवर्ती क्षेत्र, सार्वजनिक सडकको राईट अफवे, सार्वजनिक सम्पत्तिको किनार आसपास, पानीको मुहान एवं धार्मिक तथा सांस्कृतिक महत्वका पूर्वाधारको आसपास एवं विद्यालय वा कलेज वा स्वास्थ्य संस्थाको आसपास भण्डारण गर्न पाइने छैन ।

(३) संकलनकर्ताले भण्डारणका लागि आफ्नै स्वामित्व वा भाडामा वा सम्झौता गरी प्रचलित कानुनको प्रक्रिया पुरा गरी प्राप्त गरेको जमिनमा भण्डारण गर्नु पर्नेछ।

(४) निषेधित क्षेत्र तथा सार्वजनिक ऐलानी तथा पर्ती क्षेत्रमा बिना अनुमति नदी तथा खनिजजन्य

पदार्थ भण्डारण गरेको फेला परेमा नगरपालिकाले जफत गर्नेछ। यसरी जफत भएको नदी तथा खनिज जन्य पदार्थ लिलाम विक्रि गरी प्राप्त रकम राजस्वमा दाखिला गर्नेछ।

(५) नदीजन्य पदार्थ संकलनकर्ता फर्म वा कम्पनीले आफ्नै खर्चमा वन कार्यालयको सहयोग लिई भण्डारण तथा प्रशोधन गर्ने क्षेत्रको वरिपरि कम्तीमा दुई तहको वृक्षारोपण वा सेल्टरवेल्ट स्थापना गर्नु पर्नेछ।

(६) संकलन र उत्खनन् गरिएको नदीजन्य पदार्थ वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएको परिमाण भन्दा बढी संकलन गर्न पाइने छैन। उत्खनन कर्ताले राख्ने दैनिक उत्खनन अभिलेख अनुसूचि-७ मा उल्लेख भए अनुसार राख्नु पर्नेछ।

(७) कुनै व्यवसायी वा कम्पनीले कुनै व्यक्तिको आवादी जग्गा खेतीयोग्य बनाउने, पम्प निर्माण वा माछा पालनका लागि पोखरी खनाउने सिलसिलामा उत्पादन भएको ढुङ्गा, ग्राभेल, माटो आदिजस्ता मालवस्तुहरु तत्काल प्रयोग हुन नसकी भण्डारण गरेको भएमा त्यस्तो माल वस्तुको उत्पादन भएको स्रोतको प्रमाण संलग्न राखी नगरपालिकाबाट स्टक प्रमाणित गरिराखु पर्ने छ। त्यस्ता वस्तुहरू स्टक मौज्दात अनुसार तोकिएको दस्तुर तिरी ओसार पसार गर्न बाधा पर्ने छैन।

११. **सूचना प्रकाशन गर्नेः** (१) प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदनबाट स्वीकृत प्राप्त खोला, नदी, खहरे, खोल्सी र नदीउकास क्षेत्रबाट वार्षिक उपलब्ध हुने नदीजन्य पदार्थको प्रकृति र परिमाण निश्चित गरी अनुमानित आय तयार गरी स्वीकृत गर्नु पर्नेछ ।

(२) सो परिमाणको नदीजन्य पदार्थ उत्खनन तथा सङ्कलनको लागि तिस दिनको म्याद दिई अनुसूची-८ अनुसारको दरभाउपत्र वा वोलपत्र सम्बन्धी सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ। यस्तो सूचना कार्यालयको सूचना पाटीमा टाँस गरी वेभसाइटमा राख्नु पर्नेछ। अलग अलग स्थानमा घाटगद्दी गर्नु पर्ने अवस्थामा अलग अलग प्याकेज बनाई दरभाउ पत्र वा बोलपत्र माग गर्नु पर्नेछ।

**स्पष्टिकरणः** राष्ट्रिय दैनिक पत्रिका भन्नाले स्थानीय राष्ट्रिय दैनिक पत्रिकालाई समेत जनाँउछ।

(३) यसरी सूचना प्रकाशन गर्दा दरभाउ पत्र वा बोलपत्र खरिद र दाखिला गर्न पाउने निकाय वा स्थान, खरिद र दाखिला गर्न पाउने अन्तिम मिति, पेश गर्नु पर्ने कागजात र धरौटी सम्बन्धमा उल्लेख गर्नु पर्नेछ।

(४) दरभाउ पत्र वा बोलपत्र पेश गर्दा आफूले कबोल गरेको दररेट रकमले प्रस्तावित परिमाणलाई गुणन गर्दा हुन आउने कूल कबोल रकमको पाँच प्रतिशत धरौटी बुझाएको प्रमाण संलग्न गर्नु पर्नेछ।

(५) अन्तिम मितिसम्म दाखिला भएका दरभाउ पत्र वा बोलपत्रहरू सकेसम्म सोही दिन कार्यालयका प्रतिनिधि र दरभाउ पत्र दाता वा बोलपत्र दाता प्रतिनिधिको रोहबरमा खोली, भएको व्यहोरा खुलाई मुचुल्का उठाई सो मुचुल्कामा प्रतिनिधिहरु समेतको दस्तखत गराई राख्नु पर्नेछ। दरभाउ पत्र दाता वा बोलपत्र दाताको अनुपस्थितिले तोकिएका उल्लिखित कार्य गर्न वाधा पर्ने छैन।

(६) पहिलो पटक प्रकाशित सूचना बमोजिम कुनै पनि दरभाउ पत्र वा बोलपत्र नपरेमा वा दरभाउ पत्र वा बोलपत्र अस्वीकृत भएमा पूर्व प्रकाशित सूचना अनुसार कम्तिमा आधा अवधिको म्याद दिई पुनः सूचना प्रकाशन गर्नु पर्नेछ। दोस्रो पटकको सूचनामा पनि दरभाउ पत्र वा बोलपत्र दाखिला नभएमा स्वीकृत दररेटमा नघट्ने गरी सङ्कलन्, घाटगद्धी र बिक्रीको कार्य अमानतबाट गराउन सकिने छ। तर अघिल्लो वर्ष ठेक्का भएको भए अघिल्लो वर्षको दररेटमा नघट्ने गरी कुनै व्यवसायीसँग सम्झौता गरी कार्यादेश दिन सकिने छ।

१२. **ठेक्का बन्दोबस्त गर्नेः** (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र पर्ने नदी तथा खनिज जन्य पदार्थ विक्री वितरण गर्न सार्वजनिक सूचना जारी गरी प्रचलित कानुन बमोजिम ठेक्का बन्दोबस्त गरी विक्री वितरण गर्नु पर्नेछ।

(२) लिलाम सकार गर्ने संस्था वा फर्म वा कम्पनीले संकलन इजाजत लिदा सकार गरेको रकम एकमुष्ठ नगरपालिकामा अग्रीम दाखिला गर्नु पर्नेछ ।

(३) लिलाम सकार गर्ने संस्था वा फर्म वा कम्पनीले मूल्यअभिवृद्धि कर तोकिएको राजस्व खातामा जम्मा गर्नुपर्नेछ ।

(४) स्थानीय व्यक्ति, संघ, संस्थालाई स्थानीय उपयोगको लागि नगर कार्यपालिकाबाट निर्णय गरी सकारकर्ताबाट अनुसूची-३ मा तोकिए अनुसारको मूल्यलिई ढुंङ्गा, गिट्टी, माटो, ग्राभेल, बालुवाको लागि सकार कर्ता फर्म वा कम्पनीले नगरपालिकाबाट अनुसूची-९ बमोजिमको संकलन इजाजत वा अनुमति पत्रलिएर मात्र नदी तथा खजिन जन्य पदार्थ संकलन गर्नु पर्नेछ।

१३. **बोलपत्र मूल्याङ्कनः** छायाँनाथ रारा नगरपालिकाद्वारा मूल्याङ्कन समितिबाट दरभाउ पत्र वा बोलपत्र मूल्याङ्कन गरी प्रतिवेदन पेश गरीनेछ। यसरी मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा प्राप्त दरभाउ पत्र वा बोलपत्र मध्ये कानुन बमोजिम रीत पुगेका, सूचना अनुसारका सबै कागजात तथा प्रमाणहरू पुरा भएका, सबै भन्दा बढी अङ्क कबोल गर्ने दरभाउ पत्र वा बोलपत्र स्वीकृतिका लागि बोलपत्र मूल्याङ्कन समितिले सात दिन भित्र कार्यालयमामा प्रतिवेदन पेश गर्नु पर्नेछ र कार्यालयले प्रतिवेदन प्राप्त भएको मितिले सात दिन भित्र निर्णय गर्नु पर्नेछ।

१४. **सम्झौता वा कार्यादेशः** (१) दरभाउ पत्र वा बोलपत्र स्वीकृत भए पश्चात् कबोल रकम र सो मा लाग्ने कर दाखिला गरी कार्य सम्झौताको लागि सम्पर्क राख्न स्वीकृत दरभाउ पत्र दाता वा बोलपत्र दातालाई सात दिनको म्याद सहितको आसयको सूचना दिनु पर्नेछ। यसरी जारी भएको आसयको सूचना म्याद भित्र कुनै दाबी विरोध नआएमा पन्ध्र दिनको म्याद दिई सूचना बमोजिमको आफ्नो प्रक्रिया पुरा गरी सम्झौताका लागि बोलपत्र कबोल दातालाई पत्राचार गर्नु पर्नेछ। क्रमशः दोस्रो र तेस्रो कबोल दातालाई रकम सहित सम्झौताको लागि आव्हान गर्नु पर्नेछ। सम्झौता नभएसम्म तेस्रो कबोल दाता सम्मको धरौटी कायम राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको रकम एकमुष्ठ बुझाउन नसकिने भनि कुनै व्यवसायीले निवेदन गर्न आएमा कवोल रकमलाई चौमासिक किस्तामा किस्ताबन्दी भुक्तानी हुनेगरी सम्झौतामा उल्लेख गर्नु पर्ने छ। एकमुस्ट अग्रिम भुक्तानी गर्न आएमा कुल कबोल अंकको औचित्यता हेरी पाँच देखि दश प्रतिशत सम्म कार्यपालिकाबाट निर्णय गराई छुट दिन सकिनेछ। व्यवसायीबाट किस्ताबन्दी भुक्तानी गर्दा सम्झौता अवधिभरको कम्तीमा दुई महिना बढि म्याद भएको ठेक्का अवधि भरको नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त "क" वर्गको वाणिज्य बैंकको जमानत लिई किस्ताको कवोल रकम दाखिला गर्नु पर्ने अवधि तोकी सम्झौता गर्न सक्नेछ। तोकिएको अवधि भित्र किस्ताको रकम दाखिला नभए जमानतबाट असुल उपर गर्नु पर्नेछ।

(३) वनक्षेत्र बाहेकका सार्वजनिक क्षेत्रबाट सङ्कलन गरिने नदीजन्य पदार्थका हकमा छायाँनाथ रारा नगरपालिकाले सङ्कलन गरिने खोला, नदी, खहरे, खोल्सी र नदी उकास क्षेत्रको स्थान, उत्खनन सङ्कलन हुने परिमाण, अवधि, उत्खनन, सङ्कलनको प्रविधि, ढुवानीको प्रक्रिया र घाटगद्दी स्थान लगायत अन्य आवश्यक कुरा तोकी सम्झौता गरी सम्बन्धित व्यवसायीका नाममा कार्यादेश दिनु पर्नेछ ।

(४) संकलन गरिएको नदीजन्य पदार्थ घाटगद्धी गर्ने स्थानको व्यवस्था व्यवसायी आफैले गर्नु पर्नेछ ।

(५) नदीजन्य पदार्थ उत्खनन सङ्कलन तथा घाटगद्दी गर्ने कार्य आषाढ एक गते देखि भाद्र महिनाको मसान्तसम्म गर्न पाइने छैन ।

(६) नदीजन्य पदार्थ उत्खनन तथा सङ्कलन कार्य सूर्योदय देखि सूर्यास्तसम्मको समयमा मात्र गर्नु पर्नेछ ।

(७) यस कार्यविधिमा अन्यत्र जनु सुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो तथा डुबानका कारण थुप्रिएको नदीजन्य पदार्थ तत्काल हटाउनु पर्ने भएमा छायाँनाथ रारा नगरपालिकाले स्थानीय विपद व्यवस्थापन समितिको सिफारिसमा जिल्ला विपद व्यवस्थापन समितिको स्वीकृतिमा तोकिएका मेसिनरी औजारको प्रयोग गरी तत्काल हटाउन सक्नेछ।

(८) नदीजन्य पदार्थ सङ्कलन गर्ने क्रममा सङ्कलन गर्न इजाजत पाएको नदीजन्य पदार्थ बाहेक कुनै बहुमूल्य पुरातात्विक ऐतिहासिक वस्तु फेला परेमा तत्काल छायाँनाथ रारा नगरपालिकालाई बुझाउनु पर्नेछ।

(९) नदिजन्य पदार्थका लागि कानुन बमोजिम सम्झौता गर्ने फर्म वा कम्पनीको सम्झौता पत्र अनुसूची-१० बमोजिम हुनेछ। र अनुसूची-११ बमोजिमको ढाँचामा पट्टा फाराम दिनुपर्छ।

**१५.** **नदीजन्य पदार्थको सदुपयोगः** (१) सम्झौता अनुसार घाटगद्दिको कार्य सम्पन्न भएपछि व्यवसायीले अन्तिम जाँचको लागि कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) अन्तिम जाँच सम्पन्न भएपछि व्यवसायीले कार्यालयबाट बिक्री स्वीकृति लिई सम्झौता बमोजिमको दररेटमा नबढाई घाट गद्दीबाट नदीजन्य पदार्थ बिक्री गर्न पाउने छ ।

(३) तोकिएको क्षेत्र भन्दा अन्यत्रबाट नदीजन्य पदार्थ सङ्कलन उत्खनन गर्न पाईने छैन।

(४) यस कार्यविधिमा अन्यत्र जनु सुकै व्यहोरा लेखिएको भएतापनि राष्ट्रिय गौरवका राष्ट्रिय प्राथमिकता प्राप्त तथा प्रदेश सरकारले तोकेका प्रादेशिक गौरवका आयोजनाहरुकालागि आवश्यक पर्ने नदीजन्य पदार्थ सम्बन्धित आयोजनाको अनुरोधमा नगरपालिकाले आयोजनालाई सङ्कलन अनुमति दिन सक्नेछ।

(५) स्थानीय विकासका आयोजना जन सहभागिता जुटाई सम्पन्न गर्ने आयोजनाहरुमा आवश्यकताको आधारमा तोकिएको स्थानबाट तोकिएको परिणाममा प्रचलित कानून बमोजिम नगरपालिकाले उपलब्ध गराउन सक्नेछ।

**१६.** **ढुवानी तथा ओसारपसार सम्बन्धी व्यवस्थाः** (१) नदीजन्य पदार्थको ओसार पसार गर्दा देहाय बमोजिम गर्नु पर्नेछ।

(क) पानीले भिजेको र पानी चुहिने सामग्री बोकेका ढुवानीका साधन पक्की सडकमा गुडाउन पाइने छैन।

(ख) ढुवानीका साधनले वहन गर्न पाउने तौल भन्दा बढी तौल लोड गरिएका ढुवानीका साधन सडकमा गुडाउन पाइने छैन।

(ग) नदीजन्य पदार्थ ढुवानी गर्दा ढुवानी गर्ने साधनलाई माथिबाट बाक्लो त्रिपालले ढाकी ढुवानी गर्नु पर्नेछ।

(घ) सडक विभाग र सम्बन्धित निकायले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा नदीजन्य पदार्थ लगायत कुनै पनि सामग्री सङ्कलन गर्न वा सञ्चय गरी राख्न पाइने छैन। नदीजन्य पदार्थ बोकेको सवारी साधन उक्त क्षेत्रमा पार्किङ गर्न पाइने छैन ।

(ङ) शहर वा बजार क्षेत्रमा नदीजन्य पदार्थ बोकेको सवारी साधन विहान आठ बजेदेखि बेलुका छ बजेसम्म चलाउन पाइने छैन।

(च) ढुवानी गर्दा अस्पताल, विद्यालय, अन्य शैक्षिक संस्था भएको क्षेत्र तथा वस्तीहरूमा द्रूत गतिमा ढुवानी साधन चलाउन, प्रेसर हर्न बजाउन र फोहर गर्न पाइने छैन ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनी नगरपालिकाले भण्डारण वा घाटगद्दी क्षेत्र र आवश्यकता अनुसार अन्य क्षेत्रमा भार मापन मेशिन राखी कार्यान्वयन गर्न सक्नेछ।

## परिच्छेद-५
## निषेधित कार्य तथा कारबाही सम्बन्धी व्यवस्था

१७. **निषेधित कार्यहरुः** (१) यस कार्यविधि बमोजिम देहायका कार्यहरु निषेध गरिएको छ।

(क) प्रचलित कानून बमोजम स्विकृती लिएर बाहेक अवधै रुपमा नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्न वा उद्योग सञ्चालन गर्न।

(ख) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन विपरीत हुनेगरी नदीजन्य पदार्थ उत्खनन, सङ्कलन्, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योग सञ्चालन गर्न।

(ग) नदीजन्य पदार्थको उत्खनन, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योगका लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनका शर्त उल्लङ्घन गर्न।

(घ) नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योग सञ्चालनका लागि तोकिएको मापदण्ड विपरीत कार्य गर्न।

(ङ) उद्योग दर्ता हुँदा स्थापना भएको ठाँउ वाहेक अन्यत्र उद्योग सञ्चालन गर्न।

(च) स्वीकृत उद्देश्य विपरीत काम गर्न।

(छ) तोकिएको परिमाण भन्दा बढी उत्खनन सङ्कलन र प्रशोधन गर्न।

(ज) अनुमति नलिई वा अनुमति बर्खिलाप उद्योग सञ्चालन गर्न।

(झ) पुरातात्विक, धार्मिक महत्वका र बहुमूल्य ढुङ्गा पत्थरको उत्खनन सङ्कलन तथा बिक्री वितरण गर्न र स्वरुप परिवर्तन हुने गरी कुनै पनि क्रियाकलाप सञ्चालन गर्न।

(ञ) कार्यविधि विपरीत हुने गरी नदीजन्य पदार्थको उत्खनन, सङ्कलन, ओसारपसार, बिक्री वितरण गर्न तथा उद्योग सञ्चालन गर्न।

(ट) नदी किनारमा निर्मित पूर्वाधार जन्य संरचनाको स्वरुप परिवर्तन हुने गरी स्वरुप विगार्न र हानी नोक्सानी हुने अन्य कुनै कार्य गर्न।

१८. **कारबाही सम्बन्धी व्यवस्थाः** (१) नदीजन्य पदार्थको उत्खनन, सङ्कलन र प्रशोधन गर्ने व्यक्ति वा फर्म वा त्यस्ता उद्योगहरुले खोलाहरुमा नदीको वहाव परिवर्तन गर्ने, पानी धमिल्याउने, जलभित्र रहने जीवहरुको बासस्थान खलवल्याउने र पानी भित्र गएर कुनै पनि सामाग्रीहरु उत्खनन र सङ्कलन गर्न पाईने छैन। त्यस्ता उद्योगहरुले वर्षायाम भित्र संघिय र प्रदेश सरकारले तोकेका महिनाहरु वा प्रारम्भिक वातावरणीय प्रतिवेदनबाट निषेध गरिएका महिनाहरुमा र क्षेत्रहरुमा प्रवेश गरी उत्खनन र सङ्कलन एवं निषेधित कार्य गर्न पाईने छैन। निषेधित समय र क्षेत्रमा सवारी साधन प्रवेश गरेमा वा ढुवानी गरेमा प्रथम पटक ट्रयाक्टरलाई पाँच हजार रुपैयाँ, ट्रिप्परलाई दश हजार रुपैयाँ, उत्खनन मेशिन सानो (जे.सि.बी) लाई पन्ध्र हजार रुपैयाँ र उत्खनन मेशिन ठूलो (एक्साभेटर) लाई पैतिस हजार रुपैयाँ जरिबाना हुनेछ। सवारी साधनमा नदीजन्य पदार्थ भएमा त्यसता नदीजन्य पदार्थ समेत जफत हुनेछ। जरिबाना गरिएको फर्म, निकाय वा व्यक्तिको जरिबाना लगत तयार गरि राख्नु पर्नेछ। अधिकार प्राप्त अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ।

(२) दोस्रो पटक देखि प्रति पटक अघिल्लो जरिबानाको अकंमा सुरु अकं जरिबाना थप हुनेछ।

(३) क्रसर तथा बालुवा उद्योगले नदिजन्य पदार्थ मौज्दात प्रमाणीकरण गरीएको भन्दा बढि परिमाणमा भेटिएमा वा राजस्व छलि गरेको पाईएमा पन्ध्र प्रति क्यू. फिट का दरले जरिवाना लाग्नेछ र त्यस्ता मालबस्तु जफत समेत गर्न सकिनेछ।

(४) निषेधित महिनाहरुमा बाहेक कर छलि गरी नदीजन्य पदार्थ ढुवानी गर्ने साधनहरु ट्याक्टरलाई पाँच हजार रुपैयाँ, ट्रिपर छ चक्केलाई बाह्र हजार पाँच सय रुपैयाँ र ट्रिपर दश चक्केलाई बिस हजार रुपैयाँ जरिबाना गरिनेछ ।

(५) निषेधित कार्य गरे बापत दण्ड, जरिवाना रकमबाट प्राप्त रकमको बढीमा बिस प्रतिशत रकमसम्म कारवाहीमा कृयाशिल कर्मचारी, प्रहरी र सूचना गर्ने ब्यक्तीहरुलाई प्रोत्साहन बापत प्रदान गर्न सकिनेछ।

## परिच्छेद-६
## अनुगमन, मूल्याङ्कन समिति तथा यसको काम, कर्तव्य र अधिकार

१९. **नगर स्तरीय अनुगमन, मूल्याङ्कन समितिः** (१) नदी तथा खानीजन्य पदार्थहरूको उत्खनन, सङ्कलन, ओसारपसार तथा बिक्री वितरण वा उद्योग स्थापना सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन कार्यका लागि देहायअनुसार पदाधिकारीहरू रहेको एक नगर स्तरीय अनुगमन तथा मूल्याङ्कन समिति रहने छ।

(क) नगर प्रमुख — संयोजक
(ख) नगर उप-प्रमुख — सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य
(घ) वातावरण समितिको संयोजक — सदस्य
(ङ) डिभिजन वन कार्यालयको प्रतिनिधि — सदस्य
(च) सम्बन्धित वडाको वडा अध्यक्ष — सदस्य
(छ) स्थानीय प्रहरी कार्यालयको प्रमुख — सदस्य
(ज) स्थानीय सशस्त्र प्रहरी बल प्रमुख — सदस्य
(झ) पूर्वाधार शाखा प्रमुख — सदस्य सचिव

(२) कार्यालयको विशेषज्ञ प्राविधिकलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिने छ।

(३) उपदफा (१) अनुसार गठित नगर स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले नदी तथा खनिज जन्य पदार्थको मौज्दात प्रमाणितका लागि कुनै ठेक्का बन्दोबस्त भएको ठेकेदार व्यवसायी बाट संकलित ढुङ्गा ग्राभेल, बालुवा तथा नगर क्षेत्रमा संचालित क्रसर उद्योगमा रहेको प्राकृतिक श्रोत साधनको मौज्दात प्रमाणित प्रयोजनका सिलसिलामा पूर्वाधार विकास शाखा प्रमुख वा निजले तोकेका प्राविधिक, प्रशासन शाखा प्रमुख, राजस्व शाखा प्रमुख, सम्बन्धित वडाका वडा अध्यक्ष र आवश्यक परे सम्बन्धित विषय विज्ञ सहित रहेको स्थलगत अनुगमन उपसमिति गठन गर्न सक्ने छ। सो उपसमितिले खरिद बिक्री भएका माल बस्तुहरूको परिमाण समेत भिडान गरी स्थलगत नाप जाँच गरी लागत अनुगमन सहितको प्रतिवेदन लिई उक्त प्रतिवेदनको मौज्दात प्रमाणित गरी अभिलेखीकरण गर्न सक्नेछ।

(४) प्रचलित कानुन बमोजिम संकलित नदी तथा खनिज जन्य पदार्थ नगर स्तरीय अनुगमन समितिले मौज्दात प्रमाणित गरी सोही परिमाणलाई बिक्री वितरण गर्न स्वीकृत दिनेछ।

(५) नगर स्तरीय अनुगमन समितिले मौज्दात प्रमाणित गरी बिक्री वितरणको अनुमति दिँदा आर्थिक वर्षको मौज्दात शून्य हुने गरी अनुमानित दिनु पर्नेछ।

२०. **नगर स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः** (१) नगर स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) नदीजन्य पदार्थको उत्खनन, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य कार्यान्वयन हुनु पूर्व, कार्यान्वयन गर्दा र कार्यसम्पन्न भइसकेपछि वातावरणमा पर्ने प्रभावको अध्ययन, विश्लेषण गरी सुझाव दिन,

(ख) नदीजन्य पदार्थको उत्खनन, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य कानुन सम्मत कार्यान्वयन भए नभएको हेरी नियमन गर्ने,

(ग) स्वीकृत कार्य योजना र प्रचलित कानुन विपरीत गर्ने लाई कारबाही गर्ने,

(घ) समितिले अनुसूची-१२ बमोजिम चेकलिष्ट बनाई नियमित अनुगमन गर्ने।

## परिच्छेद-६
## विविध

२१. **ओसार पसार गर्ने विधिः** (१) नदीजन्य वा खनिज जन्य पदार्थ लोडका लागि अनुसूचि-६ मा उल्लेख भए अनुसार भएका सवारी साधनहरूको पटके प्रवेश आदेश अनुसारको र राजस्व तिरेको निस्सा साथमा लिएर मात्र ओसारपसार गर्नु पर्नेछ। सो निस्सा तिन प्रति छापि एक प्रति ढुवानी गर्ने साधनमा, एल प्रति नगरपालिकामा र एक प्रति सकारकर्ता फर्म वा कम्पनीसँग रहने व्यवस्था गर्नु पर्छ।

(२) नदी तथा खनिज जन्य पदार्थ ढुवानी गरी लैजाने सवारी साधनले पटके प्रवेश आदेश र राजस्व तिरेको प्रमाणमा सबै विवरण स्पष्टसँग भर्न लगाई लिनु पर्छ। पटके आदेशमा उल्लेखित विवरण (मिति, समय, सवारी नं, ढुवानी गरी लैजाने स्थल, परिमाण, पदार्थको प्रकार, संकलन गरेको स्थल आदि) अनुगमनका क्रममा फरक परेको देखिएमा ठेक्काको सर्त उल्लघंन भएको मानिनेछ।

(३) नदी तथा खनिज जन्य पदार्थ उत्खनन भएको स्थानबाट ओसारपसार गर्ने समय तोकि दिनु पर्छ।

(४) नदी तथा खनिज जन्य पदार्थ ढुवानी गर्दा टेक्टर र २५० घन फुट सम्मको ट्रक वा टिप्परको प्रयोग गर्न दिने गरी व्यवस्था मिलाउनुपर्छ।

(५) नदीजन्य वा खनिज जन्य पदार्थ ढुवानी गर्ने सवारी साधनले ढुवानी अवधिभरि प्रेसर हर्न प्रयोग गर्न पाइने छैन।

(६) नदी तथा खनिजजन्य पदार्थ ढुवानी गर्ने साधनले संकलन वा उत्खनन स्थलबाटै ढुवानी साधनलाई त्रिपालले छोपी प्रदूषण नहुने व्यवस्था मिलाउनु पर्नेछ। यस्ता ढुवानी साधनको गति ४० कि. मी प्रति घण्टा भन्दा बढी हुन नपाउने र पानी चुहाउन समेत नपाउने व्यवस्था मिलाउनु पर्छ।

(७) मूल बाटोबाट संकलन तथा उत्खनन स्थल तर्फ सवारी साधन प्रवेश हुने मार्गमा धुलो उड्न नदीन नियमित रूपमा पानी छर्कने प्रबन्ध उत्खनन कर्ता र ढुवानी कर्ताले मिलाउनु पर्छ।

(८) नदी तथा खानीजन्य पदार्थ लोड गरी ओसार पसार गर्ने क्रममा लोड सवारी साधन गन्तव्यमा नपुगिन्जेल सडकमा पार्किङ गर्न पाइने छैन। सवारी साधन बिग्रेको हकमा यथासम्भव छिटो सडकबाट किनारा लगाउने व्यवस्था ढुवानी कर्ताले मिलाउनु पर्छ।

(९) नदी तथा खनिज जन्य पदार्थको ओसारपसार गर्न निर्धारण गरिएको माथि उल्लिखित विधिको परिपालना सम्बन्धमा नगरपालिकाले समेत प्रभावकारी अनुगमनको प्रबन्ध मिलाउनु पर्छ।

(१०) नदी तथा खनिजजन्य पदार्थ ढुवानी गर्दा ढुवानी साधनमा तोकिएको क्षमता भन्दा बढी हुने गरी ढुवानी गर्न पाइने छैन।

२२. **वातावरणीय पुर्नस्थापनाः** (१) उत्खनन क्षेत्र वा आसपासका क्षेत्रमा कार्य सम्पन्न भइसकेपछि हरियाली प्रवर्धन, तटबन्ध निर्माण, खोलाको वहाव नियन्त्रण गर्न पक्की बाँध लगायतका भू तथा जलाधार संरक्षण जस्ता पुनर्स्थापना कार्यहरू गर्न नगरपालिकाले योजना बनाई कार्यान्वयन गर्नेछ।

(२) नदीजन्य पदार्थको उत्खनन र सङ्कलन कार्यबाट वातावरण, गाऊँ बस्ती, कृषि भूमि, वनक्षेत्र र जलाधारमा प्रतिकूल प्रभाव परेको अवस्थामा खोला,नदी र आसपासका क्षेत्रको भू–बनौट, प्राकृतिक सुन्दरता, वन जङ्गल, जलाधार र कृषि प्रणालीलाई जीवन्त राख्न अनुगमन तथा व्यवस्थापन समितिको सिफारिसमा कार्यालयले सो कार्यमा तत्काल रोक लगाइ संरक्षण र पुनः उत्थानका कार्यक्रमहरू सञ्चालन गर्नु पर्नेछ।

(३) प्रारम्भिक वातावरणीय परीक्षणमा उल्लेख भए बमोजिम Environmental Safeguard Measures र Environmental Management Plan बमोजिम वातावरणीय पुनर्स्थापना गर्नुपर्ने।

२३. **थपघट तथा हेरफेरः** यो कार्यविधि आवश्यकता अनुसार कार्यपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ।

२४. **व्याख्या गर्ने अधिकारः** यस कार्यविधिको व्याख्या गर्ने र त्यसको औचित्य अनुसार नगरपालिकाको सार्वजनिक हितमा लागु गर्ने अन्तिम अधिकार छायाँनाथ रारा नगरपालिका, नगर कार्यपालिकामा निहित रहनेछ।

२५. **खारेजी र बचाऊः** (१) यो कार्यविधि लागू हुनु पहिले नदीजन्य पदार्थको उत्खनन, सङ्कलन, बिक्री वितरण तथा नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना सञ्चालन सम्बन्धमा भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ।

तर यो कार्यविधि लागू भए पछिको छ महिना भित्र मापदण्ड नियमित हुनुपर्ने उद्योगले आफूलाई मापदण्ड बमोजिम नियमित गर्नु पर्नेछ यसरी नियमित नगरेमा स्वतः खारेज भएको मानिनेछ।

(२) यो कार्यविधिले गरेको व्यवस्था प्रचलित नेपाल कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ।

अनुसूची-१

(दफा ४ को उपदफा (४) को खण्ड(ख) को उपखण्ड (५) सँग सम्बन्धित)

**दूरी सम्बन्धी मापदण्ड**

| क्र.स. | विवरण | दूरी सम्बन्धी मापदण्ड |
|---|---|---|
| १ | नदी खोलाको वर्षातको प्रवाह सीमाको किनारबाट | ५०० मि. |
| २ | हाईटेन्सन लाइनबाट | २०० मि. |
| ३ | राजमार्गको Right of Way बाट | ५०० मि. |
| ४ | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकायबाट | २ कि.मि. |
| ५ | निकुञ्ज, आरक्षण क्षेत्र | २ कि.मि. |
| ६ | घना वस्ति | २ कि.मि. |
| ७ | वनक्षेत्रबाट | २ कि.मि. |
| ८ | पक्की पुलबाट | ५०० मि. |
| ९ | ऐतिहासिक ताल तलैया पोखरीबाट | ५०० मि. |
| १० | चुरे पहाडको फेदीबाट | १५०० मि. |
| ११ | अन्तर्राष्ट्रिय सिमा | २ कि.मि. |

**(नोटः दूरी मापन गर्दा उद्योगको अन्तिम सिमानाको बाहिरी घेराबाट मापन गर्नु पर्नेछ।)**

**अनुसूची-२**
**(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)**

**नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन अनुमतिका लागि दिनु पर्ने दरखास्तको ढाँचा**

मितिः ........./...../.....

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
छायाँनाथ रारा नगरपालिका,
गमगढी, मुगु।

**विषयः अनुमतिपत्र पाउँ भन्ने बारे ।**

महोदय,

देहाय बमोजिमको उद्योग सञ्चालन गर्न इच्छुक भएकोले मेरो/हाम्रो फर्म कम्पनीलाई अनुमतिपत्र प्रदान गरिदिनु हुन आवश्यक कागजात सहित यो निवदेन पत्र पेश गरेको छु/छौं। लेखिएको व्यहोरामा कुनै कुरा झुँठ्ठा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

१. उद्योगको पुरा नामः–
२. उद्योगको पुरा ठेगानाः–
३. सञ्चालन गर्ने स्थानः – (GPS Location)-
४. उद्देश्यः–
५. कूल पूँजीः– स्थिर पूँजीः- चालु पूँजीः-
५. कारोबार गर्ने वस्तु तथा कामको विवरणः–
६. संलग्न कागजातहरुः (फर्म दर्ताको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, नविकरण गरेको प्रमाण, स्वघोषणा सम्वन्धी कागज)

दरखास्तवालाको नामः
नागरिकता नम्बरः
सम्पर्क नं.
सहीः ..................................

| दायाँ | बाँया |
|---|---|
| | |

अनुसूची-३

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**उद्योग दर्ता, नवीकरण, नामसारी, उत्खनन एवं निकासी सम्बन्धी शुल्कको दर**

| सि. नं. | विवरण | शुल्कको दर |
|---|---|---|
| १ | ठूला क्रसर उद्योग दर्ता | १,५०,००० |
| २ | ठूला क्रसर उद्योग नवीकरण | ५१,००० |
| ३ | बालुवा धुने उद्योग, प्रशोधन केन्द्र (साना क्रसर उद्योग) दर्ता | २५,००० |
| ४ | बालुवा धुने उद्योग, प्रशोधन केन्द्र (साना क्रसर उद्योग) नवीकरण | १०,००० |
| ५ | नामसारी | १०,००० |
| ६ | ठाउँसारी | १०,००० |

अनुसूची-४

(दफा ९ को उपदफा (४) सँग सम्बन्धित)

**उत्खनन स्थलमा राख्नु पर्ने सूचना पाटीको नमुना**

साधारण निर्माण मुखी नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन, सङ्कलन र ढुवानी गर्ने कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनको सन्दर्भमा उत्खनन तथा सङ्कलन स्थलमा सार्वजनिक जानकारीका लागि राखिने सूचना पाटी

(क) उत्खनन, सङ्कलन गरिने स्थलः

(ख) उत्खनन, सङ्कलनको विवरण

(१) नदी वा खानीको नामः

(२) ठाउँको नामः

(३) उत्खनन गरिने परिमाण घन फिट माः

(४) उत्खनन कार्यमा प्रयोग हुने साधनः

(५) उत्खनन गर्ने कार्य गर्न अधिकार प्राप्त ठेकेदार फर्मको नाम र ठेगानाः

(६) उत्खनन गर्ने अवधिः मिति २०...। ....। गते बाट २०.... ।... । भित्र ।

अनुसूची-५

(दफा ९ को उपदफा (६) सँग सम्बन्धित)

**प्रवरश आदेश नमूना**

**पटके प्रवेश आदेश**

ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माण मुखी नदीजन्य पदार्थ उत्खनन, सङ्कलन र ढुवानी कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनका सन्दर्भमा अनिवार्य प्रयोग गरिनु पर्ने परिमाण नियन्त्रण तथा

**नदी प्रवेश आदेश**

सवारी साधनको नाम र नम्वरः

नदी नामः

नाका वा स्थानको नामः

प्रवेश आदेश मितिः समयः प्रवेश आदेश नं

**नदी प्रवेश आदेश विवरण**

१. ढुवानी गरी लै जाने नाकाको नामः ठेगानाः सम्पर्क फोन नः

२. ढुवानी गरिने पदार्थको नामः

३. ढुवानी गरी लैजाने साधनको नामः

४. निकाली लैजाने पदार्थको परीमाणः

५. ढुवानी गरी लैजाने स्थानः

६. ढुवानी गरी लैजाने पदार्थको प्रयोजनः

**(जुन प्रयोजनका लागि लैजाने हो कुनै एकमा चिन्ह लगाउने)**

(क) निजी निर्माण

(ख) सार्वजनिक निर्माण

(ग) प्रशोधन पछि बिक्री

(घ) अन्य (प्रयोजन खुलाउने.........................................................)

(नोटः यो आदेश नलिई ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पर्दाथ उत्खनन, सङ्कलन गर्ने सवारी साधन नदीमा प्रवेश गर्न, ओसारपसार गर्न र संचय वा भण्डारण गर्न निषेध गरिएको छ। कही कतै त्यस्तो पाईएमा प्रचलित कानुन बमोजिम सजाय हुनेछ।)

प्रवेश आदेश दिने कर्मचारीको नाम थरः

सहि

ठेकेदार वा प्रतिनिधिको नाम थरः

सहीः

अनुसूची-६

(दफा ९ को उपदफा (६) सँग सम्बन्धित)

**दैनिक पटक बिक्री वा ढुवानी तेरिज**

नदीजन्य तथा खानीजन्य ढुङ्गा,गिट्टी,वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन र सङ्कलन कार्यको लागि वातावरणीय अध्ययन कार्यान्वयनका सन्दर्भमा ढुवानी क्षेत्र अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख तेरीज

नदी वा खानीको नामः

नाकाको नामः

मितिः

| क्र.स. | ढुवानी मिति | पटके बिक्री आदेश नं. | पटके बिक्री भएको परीमाण | बिक्री भएको पदार्थ लैजाने सवारी नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

(नोटः यो फाराम उत्खनन स्थलबाट प्रत्येक पटक भरी पटके बिक्री आदेशको एक प्रति संलग्न गरी दैनिक रूपमा नगरपालिकालाई अनिवार्य रूपमा पठाउनु पर्नेछ।)

अनुसूची-७

(दफा १० को उपदफा (६) सँग सम्बन्धित)

**<u>उत्खननकर्ताले राख्ने दैनिक उत्खनन अभिलेख</u>**

खानी वा नदीबाट ढुङ्गा, गिट्टी र बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन ओसारपसार कार्यको लागी वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयनका सन्दर्भमा उत्खनन स्थान अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिनु पर्ने अभिलेख

नाका वा स्थान भएको खानी वा नदीको नामः

उत्खनन गरिएको नाका वा स्थानको नामः

| **क्र.स.** | **उत्खनन गरिएको मिति** | **उत्खनन गरिएको परिमाण** | **उत्खनन कर्ता वा प्रतिनिधिको दस्तखत** | **अनुगमन कर्ताको दस्तखत** |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

अनुसूची-८

(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

**नदी तथा खानीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः................**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२क. को उपदफा (१) र यस छायँनाथ रारार नगरपालिकाको आर्थिक ऐन, २०.... को दफा ........ को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरी ............. नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ. व. .............. को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी तपसिल बमोजिमका शर्तहरूको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| **क्र.स.** | **सुचना नं. बोलपत्र नं.** | **बोलपत्रको नाम** | **उत्खनन परिमाण (घन फिट)** | **न्यूनतम परिमाण (घन फिट)** | **न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू. अ. कर वाहेक)** | **धरौट रकम** | **बोलपत्र दस्तुर (रू.)** |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

शर्तहरुः

फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ. व................. को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा .................. बैक शाखा कार्यालय ............ मा रहेको यस कार्यालयको खाता नं. ............ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ........... औ दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। साथै विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोलपत्र दाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बोलपत्र सम्बन्धी कागजातहरू डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नु पर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ। बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको"।। प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको ............... मा रहेको धरौटी खाता नं. ......................... जम्मा गरी सोको सङ्कनल बैक भौचर वा ..................... बैंकबाट इजाजत प्राप्त .................. बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी

..... दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ। खरिद गरेको बोलपत्र फारामहरूमा उल्लेख भएका सबै विवरणहरू भरी बोलपत्र दाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, फोन नं, मोबाइल नं., समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएको मितिले .......... औं दिन दिनको .......... बजे भित्र यस कार्यालयमा हार्डकपी वा विद्युतिय प्रति दर्ता गर्नु पर्नेछ। एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्न अन्तिम दिनको ............ बजे देखी विभिन्न कार्यालयका प्रतिनिधि,निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगतै पछि कार्यालय दिनमा गरिनेछ ।

प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले ................. औं दिनको ............ बजे .......................
नगरपालिकाको कार्यालयमा हुनेछ। इच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ। उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ। बोलपत्र सम्बन्धी जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेखित गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघि, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकार गर्ने नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। बोलपत्र स्वीकृत भएमा सो सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले...................दिनभित्र मु.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत................... प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ। दोस्रो किस्ता बापत ...........प्रतिशतले हुने रकम इजाजत प्राप्त ................... बैकबाट यस कार्यालयको नाममा ................... साल ............... मसान्त सम्म म्याद सहित जारी गरिएको बैक ग्यारेन्टी ( परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अंक सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप ........... प्रतिशत भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ। तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस नगरपालिका नदी तथा नदीहरु उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालनमा ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

(नोटः विस्तृत जानकारी लागि यस कार्यालयको Website ...............मा समेत हेर्न सकिनेछ।)

अनुसूची-९

(दफा १२ को उपदफा (४) सँग सम्बन्धित)

**<u>नदी तथा खानीजन्य पदार्थ संकलन ईजाजतपत्र वा अनुमतिपत्र</u>**

छायाँनाथ रारा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

गमगढी, मुगु

ईजाजत नं.

१. संकलन वा उत्खनन गर्न अनुमतिप्राप्त गर्ने फर्म वा कम्पनी वा संस्थाको

नामः ठेगानाः

VAT/PAN नं. प्रोपाईटरको नाम र ठेगानाः

२. संकलन गर्ने स्थान

ठेगाानाः

नदी वा खोला वा खोल्सा वा स्थानको नामः

चार किल्लाः

पूर्वः पश्चिमः

उत्तरः दक्षिणः

लम्वाईः चौडाईः जि.पी.एस.लोकेशनः

३. IEE/EIA मा उल्लेखित संकलन गर्न सकिने परिमाणः

४. उत्खनन अनुमतिको परिमाण (घन फिट)

५. प्रवेश तथा निकासी गर्ने नाका वा स्थानको नामः

६. उत्खनन मा प्रयोग हुने मेसिन तथा सवारी साधनको विवरणः

७. घाटागद्धी गर्ने स्थानको

ठेगानाः

**चार किल्लाको**

पूर्वः पश्चिमः

उत्तरः दक्षिणः

जि.पी.एस.लोकेशनः

**<u>ईजाजतदिने पदाधिकारीको</u>**

नाम र थरः

पदः

हस्ताक्षरः

अनुसूची-१०

(दफा १४ को उपदफा (९) सँग सम्बन्धित)

**नदी तथा खानीजन्य पदार्थको उत्खनन, सङ्कलन र बिक्री वितरण सम्बन्धी इजाजत र सम्झौता-पत्रको नमुना**

लिखितम.....................नाती.....................छोरा......................जिल्ला...................म./उम./न.पा./गा पा वार्ड नं.......... स्थायी घर भई हाल म./उम./न.पा./गा पा वडा नं............मा वसोवास गर्दै आएको वर्ष ................ को....................................... आगे तपसिल वमोजिमको सर्तमा तपसिल वमोजिको क्षेत्रमा.............................. ठेक्का वन्दोवस्त गर्ने गरी यस...................... प्रकाशित गरिएको मिति............... को ठेक्का नं......................... ढुङ्गा, गिट्टी, र वालुवा उत्खनन, सङ्कलन तथा बिक्री वितरणका लागि तपाई समेतले दिनु भएको बोलपत्रको व्यहोरा पेस हुँदा आ. व....................... रु.................. (मू.अ.कर बाहेक) मा ठेक्का दिने गरी तपाई सँग ठेक्का सम्झौता गर्न मिति.............................मा यस................निर्णय भएको हुँदा उपर्युक्त निर्णय अनुसार तपसिलका सर्त बमोजिमका स्रोतबाट तपसिल बमोजिमका क्षेत्रमा छायाँनाथ रारा नगरपालिकाको तर्फबाट आय सङ्कलन गर्ने ठेक्काको सम्झौता गर्न मञ्जुरी भै आउनु भएको हो होइन भनी आज मलाई यस छायाँनाथ रारा नगरपालिकाबाट सोधनी हुँदा मेरो चित्त बुझ्यो। यसमा तपसिलमा लेखिएको सर्त बमोजिम कामकाज गरी कबुलियत गर्न मञ्जुरी भई उपस्थित भएको छु। तपसिलमा लेखिए बमोजिमको सर्तमा कुनै घटीबढी नपारी कामकाज गरी मिति .................... गते यस कार्यालयलाई...................प्रतिशत छुट पाउने रकम कटाई सम्पूर्ण किस्ताको रकम एकमुस्ट रु.................. (मु.अ.कर बाहेक) बुझाई मिति......................देखि मिति...............सम्म आ. व. .......................का लागि ठेक्का चलाउने छु। पछि मैले गरेको सम्झौता तथा कबुलियत उपर कुनै कुरा उजुर गर्ने छैन,गरे यसै कागजातबाट बदर गरि दिनु भनी मेरो मनोमानी राजीखुसीसँग रकम चलनको कबुलियत लेखी यस कार्यालयमा चढाएँ।

**तपसिल**

(१) तपसिलमा उल्लेख गरिए बमोजिमका क्षेत्रभित्र र सर्तको अधीनमा रही आ.व–........... का................प्रतिशत छुट पाउने रकम कटाई सम्पूर्ण किस्ताको रकम एकमुस्ट रु... ..............।– (मु.अ.कर वाहेक) वुझाई...................गते देखि .................सम्मका लागि प्रचलित कानुनको अधीनमा रही.....................आय सङ्कलन गर्नेछु।

(२) उक्त आय सङ्कलन गर्नका लागि छायाँनाथ रारा नगरपालिकाको क्षेत्रभित्र रहेका यसै साथ संलग्न सूचीका मालबस्तुमा सोही सूचीमा तोकिएको दरमा कर,सेवा शुल्क वा दस्तुरको रूपमा आय सङ्कलन गरी...........लाई अग्रिम एकमुस्ट रकम बुझाएको छु। यसरी आय सङ्कलन गर्दा करदातालाई दिइने भरपाई रसिद यसै................प्रमाणित गराई प्रयोग गर्नेछु।

(३) सो आय सङ्कलन गर्न................... वाट निर्धारण भएको वस्तुमा तोकि दिएको दर बमोजिम वाहेक अन्य कुनै किसिमको कर सेवाशुल्क, वा दैदस्तुर इत्यादि थप गरी लिने छैन र ठेक्कामा प्रयोग हुने रसिदहरू आफैले छापी यस कार्यालयबाट प्रमाणित गरी प्रयोग गर्नु पर्ने छ . प्रमाणित गरीए वाहेकका रसिदहरू प्रयोग गरी आय सङ्कलन गर्ने छैन। यदि कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसिद प्रयोग गरेको स्थानीय तहबाट अनुगमन हुंदा पाइएमा नियमानुसार कारबाही र सजाय मलाई मञ्जुर छ।

मैले यस रकम बापत बुझाउनु पर्ने एकमुष्ट कबोल रकमको............... प्रतिशत छुट लिई मिति.................. गते विभिन्न चेकहरूबाट रु................ को चेकहरू थान...................यसै साथ संलग्न गरेको छु।

**नदी तथा खानीजन्य पदार्थहरू उत्खनन, सङ्कलन र बिक्री वितरण गर्ने सर्तहरु**

(१) नदीजन्य पदार्थहरु नदीलाई नै घाटगद्दी स्थल तोकि निर्धारित स्थानवाट मात्र उत्खनन तथा बिक्री वितरण गर्नुपर्नेछ।

(२) नदीजन्य पदार्थको उत्खनन सङ्कलन गरी घाटगद्दी क्षेत्रवाट विक्री वितरण गर्ने क्रममा उल्लेखित सर्तहरु पालना भए नभएको सम्वन्धमा.................... ढुंगा गिट्टी वालुवा अनुगमन समिति तथा स्थानीय तहले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ। निर्देशन पालना गर्ने दायित्व सम्वन्धित ठेकेदारको हुनेछ।

(३) ठेक्का कबोल गर्ने ब्यक्ति वा फर्मले आफूले कबोल गरेको अङ्कको साथै उत्खननका लागि उल्लेखित परिमाणको आधारमा सेवा शुल्क वापतको दरले हुन आउने रकम समेतको हिसाबले नियमानुसार थप.................भ्याट रकम दुई किस्तामा ................प्रतिशतका दरले......................मसान्त भित्र र.....................महिनाको अन्तिममा यस कार्यालयमा बुझाउनु पर्ने छ।

(४) यस जिल्लाका नदी तथा नदीहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, प्रदेश कानुन, स्थानीय सरकारका सम्बन्ध कानुन, नदीजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं वातावरणीय परीक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अङ्ग रहनेछन् ।

(५) IEE गरेको क्षेत्रबाट बाहेक अन्य क्षेत्रबाट नदीजन्य पदार्थको उत्खनन, सङ्कलन, बिक्री वितरण कार्य गर्न पाइने छैन्।

(६) कर, दस्तुर, शुल्क आदि तोकिएको सङ्कलन केन्द्रमा मात्र उठाउनु पर्नेछ। राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख्न पाइनेछैन।

(७) नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित कानुन वमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयमले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो वापत बुझाएको रकमलाई कवोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाइनेछैन।

(८) शुल्क उठाउने रसिदहरु ठेक्काको शीर्षक अनुसार छुट्टा छुट्टै रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई यस कार्यालयको छाप लगाई.............प्रमाणित गराएर र रसिद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्नेछ।

(९) ठेक्का सम्झौता भएपछि कर कार्यालयको कर क्लियरेन्स (फुकुवापत्र) प्राप्त भएपछि मात्र धरौटी रकम फिर्ता गरिनेछ। सम्मानित अदालत, नेपाल सरकार, छायाँनाथ रारा नगरपालिकाको निर्देशन तथा आदेशको पालना गर्नु गराउनु ठेकेदारको कर्तब्य हुनेछ। निर्देशन वा आदेशको पालनाको कारणबाट कुनै क्षति हानी नोक्सानी हुन गएमा क्षतिपूर्ति स्वरुप कुनै पनि रकम स्थानीय तह सँग दाबी गर्न पाइने छैन।

(१०) ठेक्काको कर असुल गर्नुपर्ने दर रेटको सूची तालिका र सर्तहरु सहितको होडिङ बोर्ड कर सङ्कलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देख्नेगरी राख्नु पर्नेछ।

(११) ठेक्का सम्बन्धमा कुनै बिवाद परेमा छायाँनाथ रारा नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ।

(१२) छायाँनाथ रारा नगरपालिकाले निर्देशन दिई कुनै व्यक्ति, संस्था, समितिलाई नदीजन्य पदार्थ उपलब्ध गराउदा शुल्क नलिने भनी पत्र लेखेकोमा ठेकेदारले दस्तुरी लिन पाउने छैन्। त्यसरी दस्तुरी नलिई छोडेको परिमाण वापतको रकम स्थानीय तहबाटमाग गर्न पाउनेछैन।

(१३) तोकिएको म्यादभित्र ठेकेदारले छायाँनाथ रारा नगरपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा स्थानीय तहले ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै बाँकी किस्ता रकमको............% का दरले ब्याज समेत ठेकेदारबाट हेटौंडा छायाँनाथ रारा नगरपालिकाले असुल गर्नेछ।

(१४) एउटा स्थानीय तहले कर असुल गरिसकेको निर्माण सामाग्रीमा पुनः अर्को स्थानीय तहबाट कर लगाउन पाइनेछैन।

(१५) प्रचलित ऐन नियम तथा स्थानीय तह र सम्बन्धित सभाबाट ठेक्काको सर्त तथा दररेटमा कुनै संशोधन भएमा संशोधित व्यवस्था बमोजिम हुने गरी कार्यान्वयन गर्नु पर्नेछ।

(१६) ठेक्काको सङ्कलन केन्द्र निम्न अनुसार स्थानमा राख्नु पर्नेछ। तोकिएको स्थान बाहेक अन्य स्थानमा सङ्कलन केन्द्र राख्नुपर्ने भएमा स्थानीय तहको पूर्व स्वीकृति लिएर मात्र राख्न पाईनेछ।

**सङ्कलन केन्द्र राख्ने स्थान**

| सि.नं. | ठेक्काको किसिम | सङ्कलन केन्द्र राख्ने स्थान | कैफियत |
|---|---|---|---|
| १ | | | |

(१७) आ.व.............का लागि निम्नानुसारको नदीजन्य सामाग्रीमा प्रति घन फिट बिक्री दरमा सेवा शुल्क वापत ......... प्रतिशत र मु.अ.कर वापत ...................प्रतिशत थप गरी निम्नअनुसार बिक्री तथा निकासी कर सङ्कलन गर्न पाइनेछ। साथै तोकिएको अवधिभन्दा पहिले तोकिएको परिमाण उत्खनन भएको खण्डमा थप परिमाण उत्खनन वा निकासी गर्न रोक लगाइने छ। परिमाणपछि थपघट भएमा वा सो सम्बन्धी अन्य कुनै ब्यवस्था भएमा सोही अनुसार हुनेछ। साथै तोकिएको समयभित्र निर्धारित परिमाण ठेकेदारले निकाल्न नसकेमा अर्को आर्थिक वर्षमा म्याद थप हुनेछैन।

**उत्खनन योग्य नदी तथा खानीजन्य पदार्थ र जि.स.स.लाई बुझाउनु पर्ने रोयल्टी, बिक्री कर तथा वातावरणीय शुल्क**

(प्रति घन फिटमा)

| नदीजन्य पदार्थ | रोयल्टी | बिक्री कर | वातावरणीय शुल्क | जम्मा | ठेकेदारले लिन पाउने सेवा शुल्क(.....%) | मु.अ. कर रकम(.....%) | कुल रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

(१८) माथिको तालिकामा उल्लेखित प्रति घन फिट रोयल्टी दरमा सेवा शुल्क वापत............प्रतिशत थपरकम ठेकेदारले सङ्कलन गर्ने गरी निर्धारण गरिएको छ।

(१९) ठेकेदारले खोलाबाट नदीजन्य सामग्रीहरु उत्खनन र सङ्कलन विहान................वजेदेखि वेलुका............. वजे सम्म मात्र गर्न सक्नेछ र यसरी गरिने सम्पूर्ण उत्खनन परिमाणहरु सम्बन्धित चेकपोष्टबाट जाँचपास गराई लैजानु पर्नेछ। खोलाबाट नदीजन्य सामग्री सङ्कलन वा निकासी गर्दा प्रयोग गरिने साधनहरु जथाभावी प्रयोग नगरी प्रवेश मार्गबाटै ढुवानी गर्नु पर्नेछ।

(२०) नदीजन्य सामग्रीहरु उत्खनन र सङ्कलन तथा बिक्री गर्दा राष्ट्रिय गौरवका साथै प्राथमिकता प्राप्त आयोजनाहरुलाई विशेष प्राथमिकता दिनु पर्नेछ।

(२१) नदीबाट उत्खनन गरेको परिमाणको लगत प्रत्येक महिनाको ................गते अनिवार्य रुपले प्रमाणित गरी छायाँनाथ रारा नगरपालिकामा बुझाउनु पर्नेछ।

(२२) नदीबाट नदीजन्य पदार्थहरु उत्खनन गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाइने छैन अन्यथा नियमानुसार कार्वाही हुनेछ।

(२३) ठेकेदारले यसमा भएका सम्पूर्ण सर्तहरु पुर्णरुपले पालना गर्नु पर्नेछ र सोको अनुगमन छायाँनाथ रारा नगरपालिकाबाट हुनेछ। यस्तो अनुगमनबाट सर्त उल्लङ्घन भएको पाइएमा कार्यालयले ठेक्का तोड्न सक्नेछ र सोबाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिन बाध्य हुनेछैन।

(२४) खोलाबाट निर्माण सामग्रीहरु उत्खनन र सङ्कलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुङ्गा, गिट्टी, वालुवा आदि सङ्ककलन तथा ढुवानी गर्नुपर्नेछ।

(२५) नदीजन्य सामग्रीहरु उत्खनन गर्न खोलासम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नु पर्नेछ। सो वापत लागेको खर्च छायाँनाथ रारा नगरपालिकामा दावी गर्न पाइनेछैन।

(२६) खोलाबाट नदीजन्य सामग्रीहरु उत्खनन गर्दा नजिक रहेको सडक, वन तथा खोला नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा, कुलो, बाँध, पानीको मुहानमा क्षति नहुने गरी उत्खनन गर्नुपर्नेछ।

(२७) नदीजन्य पदार्थ संकलन तथा क्रसर उद्योगले प्रचलित कानून बमोजिमको दुरी पालना गर्नुपर्ने छ।

(२८) मुख्य मार्गबाट वोल्डर, ग्राभेल बालुवा उत्खनन गर्ने स्थलसम्म जाने आउने वाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मञ्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालय सँग सम्पर्क र समन्वय राखी ठेकेदारले वाटो निर्माण गर्नु पर्नेछ।

(२९) छायाँनाथ रारा नगरपालिकाबाट निर्धारण भएको दर वमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दस्तुर लिन पाइनेछैन र छायाँनाथ रारा नगरपालिकाको कार्यालयबाट प्रमाणित गरिए बाहेकको रसिदहरु प्रयोग गरी आय सङ्कलन गर्न पाइनेछैन । यदि कुनै त्यस्तो अनधिकृत रकम असुल गरेको वा अनधिकृत रसिद प्रयोग गरेको तथ्य कार्यालयबाट अनुगमन हुँदा वा अन्य कतैबाट भएको उजुरीउपर छानविन गर्दा देखिएमा नियमानुसार कारवाही र सजाय हुनेछ।

(३०) यस सूचना वमोजिम सम्झौता भई ठेक्का चलानपूर्जी जारी गरिएपछि कुनै किसिमको मिनाहा माफी हुनेछैन।

(३१) ठेक्का सम्झौता भएको मितिको भोलिपल्टदेखि...............सम्म विहान.............वजे देखि वेलुका ..................वजे सम्म मात्र उत्खनन एवम् सङ्कलन समय अवधि हुनेछ।

(३२) ठेकेदारले नियमानुसारको मूल्य अभिबृद्धि कर रकम उठाउन पाउनेछ।

(३३) ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन/ सङ्कलन गर्दा एक्साभेटर, डोजर जस्ता भारी उपकरणहरुको प्रयोग गर्न पाइनेछैन तर विशेष परिस्थितिको सन्दर्भमा वातावरणीय प्रतिबेदनको प्रावधानमा उल्लेख भएका स्थानमा नदीजन्य पदार्थ जिल्ला अनुगमन तथा समन्वय समितिको निर्णय वमोजिम हुनेछ।

(३४) चालु आर्थिक वर्षको तोकिएको अवधिभित्र उत्खनन गरेका निर्माण सामाग्रीहरु .............सम्म बिक्री वितरण गर्दा पनि मौज्दात बाँकी रहने अवस्था रहेमा अवधि समाप्त हुनुभन्दा...........अगावै कार्यविधिमा उल्लेखित प्राविधिक समितिवाट एकिन गराई सबै स्थानहरुमा रहेको मौज्दात प्रमाणित गराउनु पर्नेछ।

तर नदी वा नदी किनारामा रहेको सामाग्रीलाई मौज्दात मानिनेछैन।

(३५) उत्खनन पश्चात् काम नलाग्ने भनी छोडिएको निर्माण सामाग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगी पूर्व अवस्थामा छोड्नु पर्नेछ। नदीको धार वदलिने गरी उत्खनन गर्न पाइनेछैन।

(३६) निर्माण सामाग्री उत्खनन गर्ने कार्यमा संलग्न हुने कर्मचारी/कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामाग्री तथा औजारहरु ठेकेदार स्वयम्ले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कतासाथ उत्खनन तथा बिक्री प्रवन्ध मिलाउनु पर्नेछ।

(३७) ठेकेदारका कर्मचारी तथा कामदरहरुको कारण वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी कार्य गर्ने व्यवस्था ठेकेदारले नै मिलाउनुपर्नेछ। साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाका लागि विमा गर्ने गराउने दायित्व ठेकेदार स्वयम्को हुनेछ।

(३८) ठेक्का लागेको स्थानवाट दस्तुर वा शुल्क छली माल वा वस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो माल वा वस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भए पनि सम्वन्धित ठेकेदारले उठाउन सक्नेछ।

(३९) कुनै स्थानमा थुप्रियको नदीजन्य पदार्थ नहटाइएमा प्राकृतिक प्रकोप आउन सक्ने भनी जिल्ला दैवी प्रकोप उद्धार समितिवाट निर्णय भई नदीजन्य पदार्थ अनुगमन तथा समन्वय समितिले अनुमोदन गरेमा ठेक्का समाप्त भएको मिति पश्चात निश्चित समयका लागि उत्खनन तथा बिक्री वितरण कार्य जारी राख्नु पर्ने विशेष परिस्थिति सिर्जना भएमा निश्चित परिमाण तथा समय र स्थान तोकी चालु ठेक्का अङ्कको दामासाहीले हुन आउने दस्तुर लिई उत्खनन एवम् सङ्कलन कार्यको बन्दोबस्त गर्न सकिनेछ ।

(४०) कार्यालयको तर्फवाट स्वीकृत परिमाण, उत्खननयोग्य स्थान र संझौताका सर्तहरुको प्रभावकारी नियन्त्रण गर्नका निमित्त अनुगमन, निरीक्षण, भौतिक नियन्त्रण तथा स्थलगत परीक्षण लगायतका प्रकृयाहरु अवलम्वन गर्न सकिनेछ । उक्त कार्यमा सहयोग गर्ने दायित्व ठेकेदारको हुनेछ।

(४१) स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्युनीकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन तथा बिक्री वितरण गर्नुपर्नेछ।

(४२) नदीजन्य पदार्थ उत्खनन तथा बिक्री वितरण गर्ने क्रममा ठेक्कामा उल्लेख भए वमोजिमको क्षेत्रभित्र सिमित रही उत्खनन गर्नुपर्नेछ।

(४३) यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा प्रदेश कानुन, स्थानीय सरकारका कानुन र वातावरणीय परीक्षण प्रतिवेदन, र अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

(४४) यो अनुसूचीको सम्झौताका समयमा शर्तहरुलाई आवश्यकता हेरी कार्यपालिकाले थपघट गर्न सक्नेछ।

अनुसूची-११

(दफा १४ को उपदफा (९) सँग सम्बन्धित)

## पट्टाको फाराम

................गाउँपालिका वा नगरपालिका श्री.......................को नाती........................को छोरा..................जिल्ला...............गा.पा. वा.न.पा.वडा नं. ................स्थायी घर भई हाल ................... गाा.पा.वा ना.पा. वडा नं...........................मा बसोबास गर्दै आएको वर्ष ...................को...................ले............................कानून बमोजिम..................... गाउँपालिका वा नगरपालिकाको निमित्त बमोजिमको शर्तमा तपसिल बमोजिमका क्षेत्रमा तपसिल बमोजिमको दरले आय रकम सङ्कलन गर्ने गरी यस ................ नगरपालिकाबाट बोलपत्र आव्हान गरिए अनुसार तपाई समेतले दिनु भएको बोलपत्रको मूल्याङ्कन हुँदा आ.व............................को लागि रु. .................. ।- (मू.अ.कर बाहेक) अक्षरेपि ........................मात्रमा ठेक्का दिने गरी तपाईँसँग ठेक्का बन्दोबस्त गर्न मिति ............................मा यस नगरपालिकाबाट भएको हुँदा कबुलियत बमोजिम घटीबढी नपारी तपसिलमा लेखिए बमोजिमको मिति भित्र ............ नगरपालिकालाई सम्पूर्ण किस्ताको रकम रु. ..............।- वा प्रथम किस्ता बापतको रकम रु ......................बुझाई मिति ....................देखी मिति ............... सम्म आ.व.....................को लागी देहाय बमोजिमका स्रोतहरूबाट देहाय बमोजिमको दरमा बिक्री मूल्य वा शुल्क सङ्कलन गर्ने कार्य गर्नुहोला। तपाइले गरी दिनुभएको सम्झौता र यो पट्टाको बर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको नाम कालो सूचिमा राखने र त्यसबाट यस नगरपालिकालाई हुन जाने नोकसानीको सम्पूर्ण रकम तपाइले राखेको बैंक जमानत वा नगदै दाखिला गरेको रकमबाट असुल उपर गरिनेछ । पछि तपाइको कुनै कुरामा उजुर दाबी लाग्ने छैन भनी आजै यस ............... नगरपालिकाका बाट ठेक्का चलनको पुर्जी गरि दिइएको छ।

**तपसिल**

(१) सम्झौतामा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधीनमा रही आ.व. .........को सम्पूर्ण किस्ता वा प्रथम किस्ता बापतको रकम रु. ..........।- बुझाई ............. साल............ गते देखी .......... साल .......... सम्मलाई प्रचलित कानुनको अधीनमा रही...........नगरपालिकाको आय सङ्कलन गर्ने।

(२) उक्त आय सङ्कलन गर्नका निमित्त .........नगरपालिका क्षेत्र भित्र रहेका यसै साथ संलग्न सूचीका मालबस्तुमा सोही सूचीमा तोकिएको दरमा बिक्री मूल्य वा शुल्कको रूपमा आय सङ्कलन गर्नेछु। यसरी आय सङ्कलन गर्दा करदातालाई दिइने भरपाई रसिद यसै नगरपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नेछु।

(३) सो आय सङ्कलन गर्न ................. नगरपालिकाको कार्यालयबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दस्तुर इत्यादि लगाई लिइने छैन र यस कार्यालयबाट प्रमाणित गरिए बाहेकका रसिदहरू प्रयोग गरी आय सङ्कलन गरिने छैन । यदी कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसिद प्रयोग गरेको पाइएमा नियमानुसार कारबाही र सजाय हुनेछ।

(४)	अन्य कुराहरू तपाई र यस नगरपालिकाको कार्यालय बीच भएको सम्झौता बमोजिम हुनेछ।

(५)	साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन, सङ्कलन र बिक्री गर्दा देहायका स्थानबाट निम्न

बमोजिमको परिमाणमा मात्र गर्नु पर्नेछ।

अनुसूची-१२

(दफा २० को उपदफा (१) को खण्ड (घ) सँग सम्बन्धित)

**नदी वातावरण अवस्था निरीक्षण चेकलिष्ट**

| क्र.स. | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १ | वातावरणीय अध्ययन प्रतिवेदनले औंल्याएका विषयहरू अनुसारको व्यवस्था | | |
| २ | वातावरणीय अध्ययन प्रतिवेदनले सङ्कलन तथा उत्खननको लागि तोकेको क्षेत्रको परिवर्तन भएको | | |
| ३ | ढुङ्गा, गिट्टी, बालुवा गेगर जस्ता पदार्थको अवस्था परिवर्तन | | |
| ४ | सङ्कलन, उत्खनन र ढुवानीको लागि नयाँ प्रावधान आवश्यकता | | |
| ५ | नदीले बहाव परिवर्तन गरेको | | |
| ६ | वातावरण अध्ययन प्रतिवेदनले औंल्याए पहिलेको अवस्था | | |
| ७ | अघिल्लो वातावरण अध्ययन प्रतिवेदनले औंल्याए अनुसार सङ्कलन तथा उत्खनन गर्न मिल्ने अवस्था | | |
| ८ | नदीले नयाँ पदार्थ थुपारेको वा बगाएको अवस्था | | |
| ९ | उत्खनन गरिने परिमाण, चौकिल्ला रेखाकन सहितको नाप नक्सा राखेको क्षेत्रको अवस्था यथावत् रहेको | | |
| १० | अन्य | | |

(नोटः वातावरणीय अध्ययन प्रतिवेदन सँग आवद्ध गरी यो निरीक्षण चेक लिष्टको प्रयोग गर्नु पर्नेछ।)

प्रमाणीकरण मितिः-२०८२/०७/२४

आज्ञाले

सूर्य प्रसाद गौतम

प्रमुख प्रशासकीय अधिकृत